**उत्तर—'भोगे रोगभयम्'** भोग भएको ठाउँमा रोग अवश्य हुन्छ। अनि श्रीकृष्णका करोडौं पत्नीहरूबाट सन्तान हुन्छन् वा हुँदैनन्? हुन्छन् भने छोरैछोरा हुन्छन् वा छोरी नै छोरी? अथवा दुबै हुन्छन्? छोरी नै छोरी हुन्छन् भन्छौ भने तिनको विवाह कोसँग हुन्छ होला? किनकि त्यहाँ श्रीकृष्ण बाहेक अरू कुनै लोग्ने मानिस छँदैछैन। अरू पनि छन् भन्छौ भने तिम्रो कुरा काटिन्छ। छोरैछोरा हुन्छन् भन्छौ भने पनि तिनको विवाह कहाँ र कोसँग हुन्छ? भन्ने दोष आइपर्नेछ। अथवा घरमै गडबड गर्दछन् हँ? अथवा अरू कसैका छोरा वा छोरी छन् भन्छौ भने पनि 'गोलोकमा एउटै लोग्नेमानिस श्रीकृष्ण मात्र छन्' भन्ने तिम्रै कुरा नष्ट हुनेछ। अनि सन्तानै हुँदैनन् भन्छौ भने श्रीकृष्णमा नपुंसकत्व र स्त्रीहरूमा बाँझीपनाको दोष लाग्नेछ। यो त गोलोक के भयो, दिल्लीका बादशाहकी बीबी=पत्नीहरूको सेना पो रहेछ क्यार?

अर्कोकुरा, गोसाईंहरूले शिष्य र शिष्याको तन–मन–धन आफूमा अर्पण गराउने कुरा पनि ठीक होइन। किनकि तन त विवाहको समयमा स्त्रीको शरीर पतिलाई र पतिको शरीर पत्नीलाई समर्पित भैसकेको हुन्छ। अनि मन पनि अर्कालाई समर्पण हुनसक्तैन, किनकि मनसँगै तनको समर्पणको कुरा सम्भव हुन्छ। अनि मनचाहिं अर्कैलाई अर्पित गर्ने हो भने त्यसो गर्ने व्यक्ति व्यभिचारी भनिनेछन्। अब रह्यो धनको कुरा, त्यसको लीला पनि त्यस्तै हो अर्थात् मनविना केही पनि अर्पण हुनसक्तैन। यी गोसाईंहरूको अभिप्राय 'चेला कमाऊन् र आफू मोजा गरौं' भन्ने हो।

वल्लभसम्प्रदायी गोसाईंहरूमा कुनै पनि अझसम्म तैलङ्गी जातिमा छैनन्। कसैले सोझोपनले वा झुक्किएर यिनलाई आफ्नी चेलीबेटी दिएमा त्यो पनि जातिबाट बहिष्कृत भएर भ्रष्ट मानिन्छ। किनकि यी जातिबाट पतित गरिएका हुन् र विद्याहीन भई रात–दिन सधैं प्रमादी भएर रहन्छन्।

कसैले कुनै गोसाईंको आदरपूर्वक स्वागत सत्कार गरेमा त्यो गोसाईं उसको घरमा गएर काठको खेलौना जस्तै चुपचाप बसिरहन्छ, केही पनि बोलचाल गर्दैन। बिचरा मूर्ख नभए त बोल्दो पनि हो। किनकि '**मूर्खाणां बलं मौनम्**' चुपलाग्नु नै मूर्खको बल हो। बोलेदेखि त उसको पोल खुलिहाल्दछ। तर आइमाईतर्फ भने खूब ध्यान दिएर ताक्नेगर्दछ। अनि जसका तर्फ गोसाईंले हेर्दछ, उसको त ठूलो भाग्य भएको ठानिन्छ र उसका पति, भाइ, बन्धु, आमा–बाबु बडो प्रसन्न हुन्छन्। त्यहाँ सबै स्त्रीहरू चरणस्पर्श गर्दछन्। जुनस्त्रीमाथि गोसाईंको



मन लाग्छ वा कृपा हुन्छ, त्यस स्त्रीको औंलालाई गोसाईंले खुट्टाले थिच्दछ। त्यो स्त्री र त्यसका पति आदि आफ्नो धन्यभाग्य गोसाईंको सम्झन्छन्। अनि त्यस स्त्रीका पति आदि सबै ऊसँग 'तँ गोसाईंजीको चरण सेवामा जा' भन्दछन्। अनि कतै उसका पति आदि प्रसन्न भएनन् भने त्यहाँ दूती र कुटुनीबाट कार्य सिद्ध गराउँदछन्। साँच्चै भनौं भने, यस्ता काम गर्नेहरू तिनका मन्दिरमा र छेउछाउमा थुप्रै बस्ने गर्दछन्।

अब यिनीहरूको दक्षिणाको लीला बताइन्छ, अर्थात् यसरी माग्दछन्—गोसाइँजीका बुहारी, छोरा, छोरी, मुखिया, बाहरिया, गवैया र ठाकुरलाई भेटी ल्याऊ। यी सातको नाउँमा चाहे जति धन र माल बटुल्दछन्। गोसाईंजीको कुनै सेवकको मर्नेबेला हुँदा गोसाईंजी उसको छातीमा गोडा राख्तछन् र जे–जति हात लाग्दछ त्यसलाई गोसाईंजी आफ्नो पारिहाल्दछन्। के यो काम महाब्राह्मण=चाण्डाल र मुर्दावलीको जस्तै होइन?

कुनैकुनै चेला विवाहमा गोसाईंजीलाई बोलाएर तीबाटै वर–वधूको पाणिग्रहण गराउँदछन्। कुनैकुनै सेवक केशरियास्नान अर्थात् गोसाईंजीको शरीरमा आइमाईहरूको केशरको बुक्वा लगाएर एउटा ठूलो भाँडो=खड्कौंलो आदिमा पिरका राखेर गोसाईंजीलाई स्त्री–पुरुष मिलेर स्नान गराउँदछन्। तर विशेषरूपमा चाहिं स्त्रीहरूले नै स्नान गराउँदछन्। अनि गोसाईंजी पीताम्बर धारण गरेर र खराउमा टेकेर बाहिर निस्कँदा धोतीचाहिं त्यसै भाँडोमा छोड्दछन्। अनि उनका सेवक त्यस जलको आचमन गर्दछन्। उता गोसाईंजीलाई भने राम्रो मसला हालेको पानको बीडा टक्र्याउँदछन्। गोसाईं त्यसलाई चपाएर केही निल्दछन् र उनको सेवक एउटा चाँदीको कचौरा गोसाईंजीको मुखका अगाडि थाप्छन् र उनी बाँकी पीक त्यसैमा उकेल्दछन्। त्यसको पनि प्रसादी बाँडिन्छ र त्यसलाई '**खास प्रसादी**' भन्दछन्।

विचार अब गरौं कि यिनीहरू कस्ता किसिमका मानिस हुन्? अन्त कतै यस्तो मूर्खता र अनाचार पनि फेला पर्ला र? यिनीहरू धेरैजसो समर्पण लिन्छन्। तिनमा कत्ति त वैष्णवहरूकै हातको खान्छन्, अरूको खाँदैनन्। अरू कत्ति त वैष्णवका हातको पनि खाँदैनन्। दाउरासम्म धुने गर्दछन्, तर पीठो, सखर, चीनी, घिउ आदि नधोई तिनको स्पर्श बिग्रन्छ अर्थात् नधोई छुनाले ती पनि विकृत मानिनुपर्ने हो तर बिचरा के गरून्? यिनलाई धोएमा पदार्थ=मालसमान नै नाशिन्छ।

ती 'हामी ठाकुरजीको रङ्ग, राग, भोगमा धेरै धन खर्च गर्दछौं'



PDFill PDF Editor with Free Writer and Tools

भन्दछन्, तर रङ्ग, राग, भोग सबै आफैं गर्दछन्। साँच्चै भन्नु हो भने ठूला–ठाला अनर्थ गरिन्छन्। होली=फागुको अवसरमा पिचकारी भरेर स्त्रीका अस्पर्शनीय अवयव अर्थात् गुप्ताङ्गहरूमा हान्दछन् र ब्राह्मणका लागि निषिद्ध दूध, घिउ आदि रस बेच्ने काम पनि गर्दछन्।

**प्रश्न**—गोसाईंजी रोटी, दाल, कढी, भात, साग र मठरी, लड्डू आदिलाई प्रत्यक्ष हाट–बजारमा बसेर त बेच्चैनन्। ती त आफ्ना नोकर–चाकरलाई लपेसा बाँडिदिन्छन्। अनि ती नोकर–चाकरले नै बेच्तछन्, गोसाईंजीले बेच्दैनन्।

**उत्तर**—गोसाईंजीले नोकर–चाकरलाई मासिक तलब दिने गरेमा ती किन पो लपेसा लिनेथिए र ? गोसाईंजी नोकरीको बदलामा आफ्ना नोकरहरूलाई दाल, भात आदि बेच्दछन्। ती त्यसलाई हाटबजारमा लगेर बेच्दछन्। गोसाईंजीले आफैं बाहिर लगेर बेच्ने गरेका भए अरू ती ब्राह्मण नोकरहरूलाई त रसविक्रयको दोष लाग्नेथिएन र रसविक्रयरूपी पापको भागी केवल गोसाईंजी मात्र हुनेथिए। पहिले त यस पापमा आफैं डूबे, अनि फेरि अरूलाई पनि त्यस पापमा सहभागी बनाए। अनि कतैकतै '**नाथद्वारा**' आदिमा गोसाईंजी आफैं पनि बेच्तछन्। दूध, घिउ आदि रस बेच्ने काम नीच व्यक्तिको हो, उत्तम व्यक्तिले यसो गर्दैनन्। यस्तायस्ताले नै आर्य्यावर्त्त देशको यस्तो अधोगति=दुर्दशा गरेका हुन्।

**प्रश्न**—स्वामीनारायणको मत कस्तो छ ?

**उत्तर**—'**यादृशी शीतला देवी तादृशो वाहनः खरः**' धनहरण आदि गर्नमा जस्तो विचित्र लीला गोसाईंजीको छ, त्यस्तै स्वामी–नारायणको पनि छ। हेर, अयोध्या नजिकै एउटा गाउँमा 'सहजानन्द' नाम गरेको एउटा व्यक्ति जन्मेको थियो। ऊ ब्रह्मचारी भएर गुजरात, काठियावाड़, कच्छभुज आदि ठाउँमा फिर्दथ्यो। उसले 'यो देश मूर्खहरू र सोझासाझा व्यक्तिहरूले भरिएको छ र यिनलाई आफ्नो जस्तो मतमा झुकायो, त्यसैमा झुक्तछन्' भन्ने कुरा बुझ्यो। त्यहाँ उसले दुई–चारजना शिष्य बनायो। तिनीहरूले सम्मति गरेर 'सहजानन्द नारायणका अवतार र ठूला सिद्ध हुन् तथा भक्तहरूलाई चतुर्भुज मूर्त्ति धारण गरेर साक्षात् दर्शन पनि दिन्छन्' भन्ने प्रचार गरे।

काठियावाड़मा दादाखाचर नाम गरेको एउटा काठी अर्थात् भूमिया वा जमीन्दार थियो। एकपल्ट ऊसँग ती शिष्यहरूले 'तिमी चतुर्भुज नारायणको दर्शन गर्न चाहन्छौ भने हामी सहाजानन्दजीसँग प्रार्थना



गरिदिनेछौं' भने। त्यसले 'ठीकै छ' भन्यो। त्यो सोझो मानिस थियो। एउटा कोठामा सहजानन्दले टाउकोमा मुकुट धारण गरेर शंख, चक्र आफ्ना हातमा मास्तिर लियो र एउटा अर्को मानिस उसका पछाडि उभिएर गदा, पद्म आफ्नो हातमा लिएर सहजानन्दको छेउबाट हात अगाडि निकालेर चतुर्भुजजस्तै बन–ठन भए। दादाखाचरसँग सहजानन्दका चेलाहरूले 'एकपटक आँखा उठाएर हेरेर आँखा चिम्लिहाल्नू र तुरुन्त यता आइहाल्नू। धेरै हेर्यौ भने नारायण रिसाउनेछन्' भने। वास्तवमा त चेलाहरूको मनमा 'यसले हाम्रो कपटको परीक्षा गर्ने हो कि' भन्ने शंका थियो। त्यो सहजानन्द कलावत्तू=बुट्टेदार र झल्मल गर्ने रेशमी वस्त्र धारण गरेर अँध्यारो कोठामा उभिएको थियो। उसका चेलाहरूले लालटेनद्वारा कोठातर्फ एकसाथ उज्यालो पारे। दादाखाचरले हेर्दा चतुर्भुज मूर्त्ति देखियो। अनि तुरुन्तै लालटेनलाई कोल्टो पारिदिए। ती सबै भुइँमा लडेर नमस्कार गरेर अर्कातर्फ आए। त्यसै समय 'तिम्रो ठूलो भाग्य रहेछ कि तिमीले दर्शन पायौ, अब तिमी महाराजका चेला बन' इत्यादि कुरा भने। उसले 'धेरै राम्रो कुरा हो' भन्यो। त्यहाँबाट त्यस्तो कुरा गर्दै अर्को ठाउँमा पुगुञ्जेलमा अर्को वस्त्र धारण गरेर सहजानन्द गद्दीमा बसेको रहेछ। अनि त चेलाहरूले 'हेर, अब अर्कै स्वरूप धारण गरेर यहाँ विराजमान हुनुहुन्छ' भने। त्यो दादाखाचर यिनको जालमा फँस्यो। त्यहींबाट तिनीहरूको मतको जरो गाडिएको हो, किनकि दादाखाचर एउटा ठूलो भूमिया=भूमिपति=जमीन्दार थियो। त्यहीं आफ्नो जरो गाडिहाल्यो। अनि यताउति घुमेर सबैलाई उपदेश गर्न र धेरैलाई साधु पनि बनाउन थाल्यो। कहिलेकाहीं कुनै साधुको कण्ठको नाडीलाई मलेर मूर्च्छित पनि गरिदिन्थ्यो र सबैसँग 'हामीले यसलाई समाधि चढाइदिएका छौं' भन्नेगर्दथ्यो। यस्तै यस्तै धूर्त्तताका साथै काठियावाड़का जनता उसको पेचमा फँस्दैगए। ऊ मरेपछि उसका चेलाहरूले धेरैजसो पाखण्ड फैलाए।

यस प्रसङ्गमा यो दृष्टान्त उचित हुनेछ—कुनै चोर चोरी गर्न लागेको अवस्थामा समातियो। न्यायाधीशले त्यसको ना काट्ने दण्ड दिए। त्यसको नाक काटिंदा, त्यो धूर्त्त नाच्न, गाउन र हाँस्न थाल्यो। मानिसहरूले सोधे—'तँ किन हाँस्तैछस् ?' उसले भन्यो—'यस्तो कुरा भन्ने होइन।' मानिसले फेरि सोधे 'यस्तो कुन चाहिं कुरा हो त ?' उसले भन्यो—'धेरै ठूलो आश्चर्यको कुरा छ, हामीले यस्तो कहिल्यै



PDFill PDF Editor with Free Writer and Tools

देखेका थिएनौं।' मानिसले भने—भन त, के कुरा हो ? उसले भन्यो—'मेरो अगाडि साक्षात् चतुर्भुज नारायण उभिएका छन्।' म नारायणलाई देखेर बडो खुसी भएर नाच्दै, गाउँदै नारायणको साक्षात् दर्शन गर्न पाएकोमा आफ्नो भाग्यलाई धन्यवाद दिइरहेछु।' मानिसले भने—'हामीलाई चाहिँ किन देखिंदैनन् ? उसले भन्यो—नाकले छेकिरहेको छ, नाक कटाउँछौ भने देखिन्छन्, नत्र देखिंदैनन्।' तीमध्ये कुनै मूर्खले 'नाक गए जाओस् तर नारायणको दर्शन अवश्य गर्नुपर्दछ' भन्ने इच्छा प्रकट गर्यो। उसले 'मेरो पनि नाक काटिदेऊ, नारायण देखाऊ' भन्यो। उसले उसको नाक काटेर कानमा भन्यो—'अब तँ पनि यसै गर्, नत्र भने मेरो र तेरो पनि उपहास हुनेछ।' उसले पनि सोच्यो 'नाक त अब आउने छैन, अतः यसो भन्नु नै ठीक छ।' अनि त त्यो पनि त्यहाँ उसको जस्तै नाच्न, उफ्रन, गाउन, बजाउन, हाँस्न थाल्यो र 'मलाई पनि नारायणको दर्शन भैरहेछ' भन्न थाल्यो। त्यसो हुँदाहुँदै हजारौं मानिसको एउटा समूह बन्यो र ठूलो होहल्ला मच्चियो तथा आफ्नो सम्प्रदायको नाम '**नारायणदर्शी**' राखे। कुनै मूर्ख राजाले यो कुरा सुनेर तिनीहरूलाई बोलाए। तिनका नजिक राजा पुगेपछि त तिनीहरू धेरै नाच्न, उफ्रिन र हाँस्न थाले। राजाले 'यो के कुरा हो ?' भनी सोधे। उनीहरूले 'हामीलाई साक्षात् नारायणको दर्शन भैरहेछ' भने।

**राजा**—हामीलाई किन देखिंदैन ?

**नारायणदर्शी**—'नाक रहेसम्म देखिंदैन र नाक कटाएपछि नारायणको प्रत्यक्ष दर्शन हुनेछ।'

राजाले यो कुरा त ठीक हो भन्ने विचार गरेर भने—'ज्योतिषीजी, मुहूर्त्त हेर्नुहोस्।' ज्योतिषीजीले उत्तर दिए—'जो आज्ञा अन्नदाता!' दशमीको दिन बिहान आठ बजे नाक कटाउन र नारायणको दर्शन गर्न धेरै राम्रो मुहूर्त्त छ।

अरे पोपजी ! तिमीले आफ्ना पोथामा नाक काट्ने-कटाउने मुहूर्त्त पनि लेखिदियौ !!! राजाले आफ्नै इच्छाअनुसार ती हजारौं नकटाहरूका लागि सिदाको व्यवस्था गरिदिए अनि त ती धेरै नै खुसी भएर नाच्न, उफ्रिन र गाउन थाले। यो कुरा राजाका दीवान आदि केही बुद्धिमान् व्यक्तिहरूलाई रुचेन। राजाका चार पुस्ता बूढा एकजना ९० वर्षका दिवान थिए। तिनैको पनाति जो त्यसबखतको दीवान थियो, उसले गएर तिनलाई त्यो सबै कुरा सुनायो। ती बूढाले 'ती सबै धूर्त्त हुन्। तँ मलाई राजा छेउ लिएर हिंड्' भने। उसले लग्यो। बस्नेवेलामा राजाले



बड़ा खुशी भएर ती नाककट्टाहरूको कुरा सुनाए। दीवानले भने—सुन्नुहोस् महाराज ! यस्तो हतार गर्नु उचित हुँदैन। परीक्षा नगरी कार्य गरेमा पछुताउनु पर्नेछ।

**राजा**—के यी हजार व्यक्ति झूटो बोलिरहेका होलान् ?

**दीवान**—झूट बोलून् अथवा सत्य। परीक्षा नगरी सत्य वा झूट कसरी छूट्याउन सकिन्छ र ?

**राजा**—परीक्षा कसरी गर्नु उचित होला ?

**दीवान**—विद्या, सृष्टिक्रम, प्रत्यक्ष आदि प्रमाणबाट।

**राजा**—नपढेकाले परीक्षा कसरी गने ?

**दीवान**—विद्वान्हरूको संगतबाट ज्ञानको वृद्धि गरेर।

**राजा**—विद्वान् नभेट्टिए के गर्ने ?

**दीवान**—पुरुषार्थ गर्ने व्यक्तिलाई कुनै वस्तु दुर्लभ हुँदैन।

**राजा**—त्यसो भए तपाईं नै भन्नुहोस्, कसो गर्नु उचित होला ?

**दीवान**—म बूढो भैसकें, घरैमा बस्तछु र अब थोरै दिनमात्र बाँचेछु। यसकारण पहिले म परीक्षण गर्दछु। त्यसपछि जसो उचित लाग्ला, त्यसै गर्नुहोला।

**राजा**—ठीक छ। ज्योतिषीजी, दीवानको लागि मुहूर्त्त हेर।

**ज्योतिषी**—महाराजको जो आज्ञा। यही शुक्लपञ्चमी १० बजेको मुहूर्त्त राम्रो छ।

पञ्चमी आएपछि आठ बजे ती बूढा दीवानले राजा छेउ गएर राजासँग भने—एक दुई हजार सेना लिए हिंड्नु उचित होला।

**राजा**—त्यहाँ सेनाको के काम छ र ?

**दीवान**—तपाईंलाई राज्यव्यवस्थाको जानकारी छैन। जसो म भन्दछु, त्यसै गर्नुहोस्।

**राजा**—ठीक छ त। ल, सेना तैयार गर।

साढे नौ बजे राजा सबैलाई लिएर गए। तिनलाई देखेर ती नारायणदर्शीहरू नाच्न र गाउँन थाले। गएर बसे। जसले यो सम्प्रदाय चलाएको थियो, सर्वप्रथम जसको नाक काटिएको थियो, राजाले तिनको त्यस महन्तलाई बोलाएर भने—'आज हाम्रा दीवानजीलाई नारायणको दर्शन गराऊ।' उसले भन्यो—ठीक छ। दस बजेको समय आएपछि एक मानिसले नाकमुनि एउटा थाली समात्यो। उसले तीखो चक्कु लिएर नाक काटेर थालमा हाल्यो र दीवानजीको नाकबाट रगतको धारा छुट्न थाल्यो। दीवानजीको मुख मलिन भयो। अनि त्यस धूर्त्तले



PDFill PDF Editor with Free Writer and Tools

दीवानजीको कानमा मन्त्रोपदेश=साउती गर्यो कि तपाईं पनि हाँसेर 'मलाई नारायण देखापरिरहेको छ' भन्नुहोस्। अब काट्टिइसकेको नाक त फर्कनेछैन। यसो भन्नुभएन भने तपाईंको ठूलो ठट्टा हुनेछ र सबैले हाँसो गर्नेछन्। यति भनेर ऊ अलग्गियो। दीवानजीले हातमा अंगोछा लिएर नाकलाई छोपे। राजाले दीवानजीसँग सोधे—भन! के नारायण देखिंदोरहेछ वा रहेनछ? दीवानजीले राजाको कानमा 'केही पनि देखिंदैन' भने। यस धूर्त्तले व्यर्थैमा हजारौं मानिसलाई बिगार्यो। राजाले दीवानसँग सोधे—'अब के गर्नु उचित होला?' दीवानले भने—'यिनलाई समातेर कठोर दण्ड दिनुपर्दछ। यिनीहरूलाई जीवनभर बन्दीघरमा राख्नुपर्दछ। अनि यी सबैलाई बिगार्ने यस दुष्टलाई गधामा चढाएर, बडो दुर्दशाका साथ मार्नुपर्दछ।' राजा र दीवानलाई कानमा कुरा गरिरहेका देखेर उनीहरू त्यहाँबाट भाग्ने दाउ हेर्नथाले। तर चारैतर्फबाट सेनाले घेरिरहेको हुनाले भाग्न सकेनन्। राजाले आज्ञा दिए—'सबैलाई समातेर नेल लगाइदेऊ' र यस दुष्टको मुखमा कालोमोसो दलेर गधामा चढाएर यसको गलामा थोत्रा जुत्ताको माला लगाएर सर्वत्र घुमाएर केटाहरूबाट यो माथि छारो, धुलो र खरानी हाल्न लगाऊ।' प्रत्येक चोकमा जुत्ताले कुटाएर, कुकुरहरूबाट टोकाएर, मार्न लगाइयोस्। यस्तो नगरिएमा अरूले पनि फेरि यस्ता कार्य गर्नमा डराउने छैनन्। यसो भएपछि नाक काटिएकाको सम्प्रदाय बन्द भयो।

सबै वेदविरोधी सम्प्रदायहरूको लीला यस्तै छ। यी स्वामी–नारायणका मतावलम्बी धनहरण गर्नेहरू छल, कपटयुक्त काम गर्दछन्। कत्ति त मूर्खहरूलाई भड्काउन मर्नेबखत भन्दछन्—'मुक्तिमा लैजानका निम्ति सहजानन्दजी सेतो घोडामा बसेर आएका छन् र सधैं यस मन्दिरमा एकपल्ट आउने गर्दछन्।'

मेलाको समयमा मन्दिरभित्र पुजारी रहन्छन् र तल्तिर पसल थापेका हुन्छन्। मन्दिरबाट पसलमा जाने एउटा दुलो राख्तछन्। कुनै एउटाले नरिवल चढाउँछ, अनि त्यही नरिवल त्यस प्वालबाट पुजारीले पसलमा फालिदिन्छ। अर्थात् यस्तै किसिमले एउटा नरिवल दिनमा हजारपल्ट बिक्तछ। यसैगरी सबै पदार्थ बेच्दछन्।

जो जुन जातिको छ त्यसबाट त्यस्तै काम गराउँदछन्। जस्तै कुनै हजाम छ भने हजामको, कुमाले छ भने कुमालेकै, शिल्पीबाट शिल्पको व्यापारीबाट व्यापार र शूद्रबाट शूद्र आदिकै काम लिन्छन्।

आफ्ना चेलामाथि एउटा कर लगाएका छन्। लाखौं, करोडौं



PDFill PDF Editor with Free Writer and Tools

रुपैयाँ ठगेर जम्मा पार्दछन् र जम्मा पार्दैजान्छन्। गद्दीमा बस्नेले गृहस्थ=विवाह गर्दछ, आभूषण आदि लगाउँदछ। जहाँकहीं सवारी हुन्छ भने त्यहाँ गोकुलियाहरूकै समान गुसाईंजी, बहुजी आदिका नामबाट भेटी–पूजा लिन्छन्। आफूलाई सत्सङ्गी र अरू मतावलम्बीहरूलाई कुसङ्गी बताउँछन्। आफूबाहेक अर्को जतिसुकै उत्तम, धार्मिक, विद्वान् व्यक्ति किन नहोस् तर उसको मान–सम्मान र सेवा कहिल्यै गर्दैनन्, किनकि अर्को मतमा लाग्नेको सेवा गर्नमा पाप ठान्दछन्। 'उनका साधुले महिलाहरूको मुख हेर्दैनन्' भन्ने प्रचार गर्दछन् तर गोप्यरूपमा नजाने के–के लीला हुँदाहुन्? यस कुराको प्रचार कमै भयो। कतैकतै चाहिं साधुहरूको बारेमा परस्त्रीगमन आदि लीला प्रचारित भए। तिनमा जो ठूला–ठालु हुन्छन् ती मर्दा तिनलाई गुपचुप कुवामा फालेर यस्तो हल्ला फिंजाउँछन्—''अमुक महाराज सदेह वैकुण्ठमा गए, सहजानन्दजीले आएर लगे, हामीले 'महाराज यिनलाई नलैजानुहोस्, किनकि यी महात्मा यहाँ रहनाले नै राम्रो छ' भनी धेरै प्रार्थना गर्यौं। तर सहजानन्दजीले—'होइन, वैकुण्ठमा यिनको धेरै आवश्यकता छ, यसकारण लैजान्छौं' भने। हामीले आफ्नै आँखाले सहजानन्दजी र विमानलाई देख्यौं तथा मर्नेलाई विमानमा बसाल्यौं। मास्तिर लगे अनि पुष्पवर्षा गर्दैगए।''

कुनै साधु बिरामी भएर बाँच्ने आशा नरहेमा 'म भोलि राती वैकुण्ठ जान्छु' भन्दछ। त्यस रातमा त्यसको प्राण छुटेन र मूर्च्छित भयो भने पनि त्यसलाई कुवामा फालिदिन्छन् भन्ने कुरा सुनिन्छ। किनकि त्यस राती त्यसलाई नफालेमा झूटा ठहर्नेछन् भन्ने कारणले नै यस्तो काम गर्दाहुन्। यस्तै जब गोकुलिया गोसाईं मर्दछ तब त्यसका चेला 'गुसाईंजीले लीलाविस्तार गर्नुभयो' भन्दछन्।

यी गोसाईं र स्वामीनारायणीहरूको उपदेश गर्ने मन्त्र एउटै छ। त्यो हो—'**श्रीकृष्णः शरणं मम।**' यसको यस्तो अर्थ गर्दछन्—'श्रीकृष्ण मेरा शरण हुन् अर्थात् म श्रीकृष्णको शरणागत छु।' तर यसको ठीक अर्थ त 'श्रीकृष्ण मेरो शरणमा प्राप्त अर्थात् मेरा शरणागत होऊन्' यस्तो पनि हुनसक्तछ।

यी सबै जति पनि मत छन् ती विद्याहीन हुनाले उटपटांग शास्त्रविरुद्ध वाक्यरचना गर्दछन्, किनकि तिनलाई विद्याका नियमको जानकारी नै छैन।

**प्रश्न**—माध्वमत त राम्रो छ?

**उत्तर**—जस्ता अन्य मतावलम्बी हुन्, त्यस्तै माध्वमत पनि छ। किनकि यी पनि **'चक्राङ्कित'** हुन्छन्। चक्राङ्कितभन्दा यिनमा यति विशेषता हुन्छ कि रामानुजीय एकपटक चक्राङ्कित हुन्छन् भने माध्व चाहिं प्रतिवर्ष बारम्बार चक्राङ्कित भैरहन्छन्। चक्राङ्कितहरू निधारमा पहेंलो रेखा लगाउँदछन् भने माध्व चाहिं कालो रेखा लगाउँदछन्। एउटा माध्व पण्डितसँग कुनै एउटा महात्माको शास्त्रार्थ भएको थियो—

**महात्मा**—तिमीले यो कालो रेखा र चाँदला=तिलक किन लगाएका हौ?

**शास्त्री**—यसलाई लगाउनाले हामी वैकुण्ठ जानेछौं। अनि श्रीकृष्णको शरीर पनि श्यामवर्णको थियो, यसकारण हामी कालो तिलक लगाउँदछौं।

**महात्मा**—कालो रेखा र तिलक लगाउनाले वैकुण्ठ पुगिने भए सबै मुखै कालो पार, अनि कहाँ पुग्नेछौ? के वैकुण्ठको पनि पारि तर्नेछौ? अनि श्रीकृष्णको सबै शरीर कालो थियो, त्यस्तै तिमी पनि सबै शरीरै कालो पार्नेगर, अनिमात्र श्रीकृष्णजस्तै हुनसक्तछ। यसकारण यो मत पनि अघि भनिएका मतहरूकै सरह हो।

**प्रश्न**—लिङ्गाङ्कितको मत कस्तो छ?

**उत्तर**—जस्तो चक्राङ्कितको छ, त्यस्तै हो। जसरी चक्राङ्कित चक्रले डाम्दछन्, नारायणबाहेक कसैलाई मान्दैनन्; त्यस्तै लिङ्गाङ्कित लिङ्गको आकृतिले डाम्दछन् र महादेवबाहेक अरू कसैलाई मान्दैनन्। यिनमा खास कुरा चाहिं के छ भने लिङ्गाङ्कितहरू ढुङ्गाको एउटा लिङ्गलाई सुन वा चाँदीमा मोरेर गलामा झुण्ड्याइराख्छन्। पानी पिउँदा पनि त्यसलाई देखाएरै पिउँछन्। तिनैहरूको मन्त्र शैवहरूको जस्तो हुन्छ।

## ब्राह्मसमाज र प्रार्थनासमाज

**प्रश्न**—ब्राह्मसमाज र प्रार्थनासमाज त राम्रै छन्, कि छैनन्?

**उत्तर**—केही कुरा असल र धेरै कुरा खराब छन्।

**प्रश्न**—ब्राह्मसमाज र प्रार्थनासमाज त सबैभन्दा राम्रा छन् किनकि यिनका नियम धेरै राम्रा छन्।

**उत्तर**—सबै रूपमा नियम राम्रा छैनन्, किनकि वेदविद्याहीन व्यक्तिहरूको कल्पना सर्वथा सत्य कसरी हुन सक्तछ र? ब्राह्मसमाज र प्रार्थनासमाजले केही मानिसलाई ईसाई मतमा लाग्नबाट बचाएको, केही-केही ढुङ्गा आदिका मूर्तिपूजालाई हटाएको तथा अरू जालीग्रन्थको



फन्दाबाट पनि केही बचाएको आदि कुरा राम्रा छन्। तर—

१. यिनमा स्वदेशभक्ति अत्यन्त थोरै छ। धेरैजसो ईसाईहरूका आचरणलाई ग्रहण गरेका छन्। खान-पान, विवाह आदिका नियम पनि बदलेका छन्।

२. आफ्नो देश र पूर्वजहरूको प्रशंसा गर्ने कुरा त टाढै जाओस्, उल्टो भरपूर निन्दा गर्दछन्। व्याख्यान आदिमा ईसाई आदि अंग्रेजहरूको भरपेट प्रशंसा गर्दछन्। ब्रह्मा आदि महर्षिहरूको नाम पनि लिंदैनन्। त्यसको साटो 'अंग्रेजहरूबाहेक सृष्टिमा आजसम्म कुनैपनि विद्वान् भएको छैन, आर्यावर्त्तका मानिस पहिल्यैदेखि मूर्खका मूर्खै हुँदैआए, यिनको उन्नति कहिल्यै भएको थिएन' इत्यादि भन्दछन्।

३. वेदादि सत्यशास्त्रको प्रतिष्ठा त टाढै जाओस्, उल्टो निन्दा गर्नपनि पछि पर्दैनन्। ब्राह्मसमाजको उद्देश्यको पुस्तकमा साधुहरूको संख्यामा 'ईसा', 'मूसा', 'मुहम्मद', 'नानक' र 'चैतन्य' लेखिएका छन्। कुनै ऋषि-महर्षिको नाम पनि छैन। यसबाट 'यिनीहरूले ज-जसको नाम लेखेका छन्, तिनैको मतानुसार नै यिनको मत हो' भन्ने कुरा बुझिन्छ। हेर त, आर्य्यावर्त्त देशमा जन्मे, यसै देशको अन्न-पानी खाए, पिए, अझै पनि खान्छन्, पिउँछन् र आफ्ना आमा-बाबु, बाजे-बराजुका मार्गलाई छोडेर अरू विदेशी मतप्रति बढी ढल्किनु, ब्राह्मसमाज र प्रार्थनासमाजीहरूद्वारा यस देशको संस्कृत-विद्यारहित भएर आफूलाई विद्वान् घोषित गर्नु, अंग्रेजी भाषा पढेर 'मै योग्य विद्वान् हुँ' भन्ने घमण्ड गरेर तुरुन्तै एउटा मत चलाउनतर्फ लाग्ने कुरा मानिसहरूको स्थिर र वृद्धिकारक काम कसरी हुनसक्तछ र?

४. अंग्रेज, यवन, अन्त्यज आदिसँग पनि खान-पानको फरक यिनीहरूले राखेनन्। यिनीहरूले 'खान-पान र जातिभेद तोड्नालेमात्र हाम्रो र हाम्रो देशको सुधार हुन्छ' भन्ठाने होलान्, तर यस्ता कुराले सुधार त परै जाओस्, उल्टो बिगार नै हुन्छ।

५. **प्रश्न**—जातिभेद ईश्वरकृत वा मनुष्यकृत के हो?

**उत्तर**—जातिभेद ईश्वरकृत पनि र मनुष्यकृत पनि छ।

**प्रश्न**—कुन ईश्वरकृत र कुनचाहिं मनुष्यकृत हो त?

**उत्तर**—मनुष्य, पशु, पक्षी, वृक्ष, जल-जन्तु आदि जातिहरू परमेश्वरकृत हुन्। जस्तै पशुहरूमा-गाई, घोड़ा, हात्ती आदि जातिहरू, वृक्षहरूमा-पीपल, बर, आँप आदि जातिहरू, पक्षीहरूमा—हाँस, बकुल्ला आदि, काग, जल-जन्तुहरूमा—माछा, गोही आदि जातिभेद



PDFill PDF Editor with Free Writer and Tools

ईश्वरकृत हुन्। त्यस्तै मानिसहरूमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, अन्त्यज जातिभेद छन्। तर मानिसहरूमा ब्राह्मण आदिलाई सामान्य जाति होइन, सामान्य विशेषात्मक जातिमा गनिन्छ। अघि नै वर्णाश्रमव्यवस्था प्रकरणमा लेखिएबमोजिम गुण–कर्म–स्वभावअनुसार नै वर्णव्यवस्था अवश्य मान्नुपर्दछ। यिनमा मनुष्यकृतत्त्व, उनका गुण–कर्म–स्वभावबाट पूर्वोक्तानुसार ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र आदि वर्णहरूको परीक्षापूर्वक व्यवस्था गर्ने काम राजा र विद्वान्हरूको हो। भोजनभेद पनि ईश्वरकृत मनुष्यकृत छ। जस्तै सिंह मांसाहारी र अर्ना, भैंसी घाँस आदिको आहार लिने हुन्छन्। यो ईश्वरकृत र देश–काल–वस्तुभेदले मनुष्यकृत भोजनभेद हुन्छ।

**प्रश्न**—हेर, यूरोपियनहरू मुण्डा जुत्ता, कोट, पतलुन लगाउँदछन्। होटलमा सबैसँग सबैका हातको खान्छन्। यसैकारण उनीहरूले आफ्नो उन्नति गर्दैगइरहेछन्।

**उत्तर**—यो तिम्रो भ्रम हो। किनकि मुसलमान, अन्त्यजहरू सबैका हातको खान्छन् भने उनीहरूको उन्नति किन हुँदैन?

यूरोपियनहरूमा बाल्यावस्थामा विवाह नगर्नु, छोरा–छोरीलाई विद्या–सुशिक्षायुक्त गर्नु–गराउनु, स्वयंवर विवाह हुनु, गलत मानिसहरूको उपदेश नहुनु, ती विद्वान् भएर जोसुकैको पाखण्डमा नफँस्नु, जे–जति गरिन्छ, त्यो सबै परस्पर विचारपूर्वक र सभाबाट निश्चित गरेर गर्नु, आफ्नो स्वजातिको उन्नतिका लागि तन, मन, धन खर्च गर्नु, आलस्यलाई छोडेर उद्योग गर्नेगर्नु आदि कुरा छन्। हेर, यूरोपियनहरू आफ्नो देशमा बनेका जुत्तालाई कार्यालय=अफिस र अदालतमा लैजान दिन्छन्, यस देशका जुत्तालाई दिँदैनन्। यत्तिबाटै उनीहरू आफ्नो देशमा बनेका जुत्ताको पनि जति मानप्रतिष्ठा गर्दछन्, त्यति अरू देशका मानिसको पनि गर्दैनन् भन्ने कुरा सम्झ। हेर, यूरोपियनहरू यस देशमा आएको सय वर्षभन्दा केही बढी भयो र उनीहरू जस्तो आफ्नो देशमा लगाउँदथे, त्यस्तै मोटा कपडा आदि आजसम्म पनि लगाउँदछन्। तर उनीहरूले आफ्नो देशको चाल–चलनलाई छोडेका छैनन्। यता तिमीहरूमा भने धेरैजसोले उनीहरूको अनुकरण गर्यौ। यसैकारण तिमीहरू निर्बुद्धि र उनीहरू बुद्धिमान् ठहर्दछन्। अनुकरण गर्नु कुनै बुद्धिमान्को काम होइन। उनीहरूमा जो जुन काममा हुन्छन्, त्यसलाई उत्तरदायित्वपूर्वक गर्दछन्। निरन्तर आज्ञानुवर्ती=आज्ञानुसार गर्ने हुन्छन्। आफ्ना देशवासीहरूलाई व्यापार



आदिमा सहायता गर्दछन्। इत्यादि गुणहरू र राम्रा राम्रा कर्महरूका कारण उनीहरूको उन्नति भइ रहेछ। मुण्डा जुत्ता, कोट, पतलुन्, होटलमा खान–पान आदि साधारण र गलत काम गर्नाले बढेका होइनन्। अनि यिनमा जातिभेद पनि छ। हेर, कुनै यूरोपियन जतिसुकै ठूलो अधिकार र पदमा प्रतिष्ठित किन नहोओस्, उसले कुनै अर्को देश वा अन्य मतावलम्बीकी छोरीसँग अथवा यूरोपियनकी छोरीले अर्का देशवासीसँग विवाह गरेमा त्यसैबेला अरूले त्यसको निमन्त्रण, सँगै बसेर खान र विवाह आदि गर्न बन्द गरिदिन्छन्। यो जातिभेद होइन भने के हो त? यति हुँदाहुँदै पनि तिनीहरू तिमी सोझा–साझालाई 'हामी जातिभेद मान्दैनौं' भनी भ्रममा पार्दछन्, तिमीहरू आफ्नो मूर्खताका कारण यस्ता कुरालाई मान्दछौ पनि। यसकारण जे गरे पनि सोच–विचार गरेर मात्र गर्नुपर्दछ, जसमा पुनः पछुताउनु नपरोस्।

हेर, रोगीका लागि नै चिकित्सक र औषधिको आवश्यकता पर्दछ, निरोगीका लागि पर्दैन। विद्यावान् व्यक्ति निरोगी र विद्यारहित व्यक्ति अविद्यारोगले ग्रस्त हो। त्यस रोगलाई छुटाउनकै निम्ति सत्यविद्या र सत्य उपदेश हुन्छ। अविद्याकै कारण तिनलाई 'खान–पिउनमा नै धर्म रहन्छ र जान्छ' भन्ने रोग लागेको छ। कसैलाई खान–पिउनमा अनाचार गर्नलागेको देखेर 'त्यो धर्मभ्रष्ट भयो' भन्दछन् र त्यस्तै सम्झन्छन्। त्यसका कुरा सुन्दैनन्, ऊसँग बस्तैनन् र उसलाई आफ्नो नजिक बस्न पनि दिंदैनन्।

अब भन त, तिम्रो विद्या स्वार्थका निम्ति हो वा परमार्थका लागि हो। परमार्थ त तब हुन्छ जब तिम्रो विद्याबाट ती अज्ञानीलाई फाइदा होओस्। 'ती लिंदैनन्, हामी के गरौं?' भन्छौ भने यो तिम्रो दोष हो, उनीहरूको होइन। किनकि तिमीले आफ्नो आचरण ठीक राखेका भए तिमीसँग प्रेम गरेर ती उपकृत हुनेथिए। यसकारण तिमीले हजारौंको उपकारनाश गरेर आफ्नै सुख–साधन जुटायौ, यो तिमीलाई ठूलो अपराध लाग्यो, किनकि परोपकार गर्नु धर्म, अरूको हानि–नोक्सानी गर्नु अधर्म भनिन्छ। यसकारण विद्वान् व्यक्तिले यथायोग्य व्यवहार गरेर अज्ञानीहरूलाई दुःखसागरबाट तार्नका लागि नौकारूप हुनुपर्दछ। सर्वथा मूर्खहरूकै जस्ता कर्म गर्नुहुँदैन। उनीहरूको र आफ्नो दिन–प्रतिदिन उन्नति हुने किसिमका कर्म गर्नु उचित हुन्छ।

**प्रश्न**—हामी कुनै पुस्तकलाई ईश्वरप्रणीत वा सर्वांश सत्य मान्दैनौं, किनकि मानिसको बुद्धि निर्भ्रान्त हुँदैन, यसकारण तिनले बनाएका



PDFill PDF Editor with Free Writer and Tools

ग्रन्थ पनि सबै भ्रान्त हुन्छन्। यसकारण हामी सबैबाट सत्यलाई ग्रहण गर्दछौं र असत्यलाई छोडिदिन्छौं। सत्य चाहे वेदमा, बाइबलमा, कुरानमा अथवा अरू कुनै ग्रन्थमा किन नहोओस्? हामीलाई ग्राह्य हुन्छ। असत्य चाहिं कुनै ग्रन्थको पनि ग्राह्य हुँदैन।

**उत्तर**—जुन कुराबाट तिमी सत्यग्राही हुन चाहान्छौ, त्यसै कुराबाट असत्यग्राही पनि ठहर्दछौ। किनकि कुनै मानिस भ्रान्तिहीन हुनसक्तैन भने तिमी पनि मानिस हुनाले भ्रान्तिसहित छौ। भ्रान्तिसहितका कुरा सर्वांशमा प्रामाणिक हुँदैनन् भने तिम्रा कुराको पनि विश्वास हुनेछैन। अनि तिम्रा कुरामा पनि सर्वथा विश्वास गर्नु उचित हुनेछैन। यस्तो भएपछि विष मिलेको अन्नजस्तै त्याग्न योग्य हुन्छ। फेरि तिम्रै व्याख्याअनुसार पुस्तक बनाएको कारण कसैलाई पनि प्रामाणिक मान्नुहुँदैन। हिन्दीको उखानअनुसार 'चौबेजी छब्बेजी बन्न हिंडेका थिए, दुईवटा गाँठा गुमाएर दुबे पो बन्न पुगेछन्'। जसरी अरू मानिस सर्वज्ञ छैनन्, त्यस्तै तिमी पनि कुनै सर्वज्ञ त होइनौ। कहिलेकाहीं भ्रममा परेर असत्यलाई ग्रहण र सत्यलाई छोड्ने पनि गर्दा हौ? यसकारण हामी अल्पज्ञहरूका लागि सर्वज्ञ परमात्माका वचनको सहायता अवश्य हुनुपर्दछ।

जस्तो वेदको व्याख्या प्रकरणमा लेखिएको छ, त्यस्तै तिमीले अवश्य मान्नुपर्दछ। नत्र भने '**यतो भ्रष्टस्ततो भ्रष्टः**' भइनेछ। वेदबाट सबै सत्य प्राप्त हुन्छ र असत्य तिनमा केही छैन। अनि तिनलाई ग्रहण गर्नमा शङ्का गर्नु आफ्नो र अरूको हानि गर्नुमात्र हो। यसकारण आर्यावर्त्तका मानिस तिमीलाई आफ्नो ठान्दैनन् र तिमी आर्य्यावर्त्तको उन्नतिका कारण बन्नपनि सकेनौ, किनकि तिमी त सबै घरका भिखारी पो बन्नपुग्यौ। तिमीले 'हामी यस कुराबाट आफ्नो र अरूको उपकार गर्न सक्नेछौं' भन्ठानेका छौ, तर त्यसो गर्नसक्नेछैनौ। जसरी कसैका आमा–बाबु दुबैले सब संसारका छोरा–छोरीको पालन गर्न खोजेमा तिनले सबैको पालन–पोषण त गर्न असम्भव हुन्छ, तर त्यसो गर्नाले तिनीहरूले आफ्ना सन्तानलाई पनि नष्ट गर्दछन्; त्यस्तै तिमीहरूको पनि गति छ। वेदादि सत्यशास्त्रलाई नमानी के कहिल्यै तिमी आफ्ना कुराको सत्यता र असत्यताको परीक्षा र आर्य्यावर्त्तको उन्नति पनि गर्न सक्तछौ?

जुन देशलाई रोग लागेको छ, त्यसको औषधि तिमीसँग छैन तथा यूरोपियनहरू तिम्रो अपेक्षा गर्दैनन्, यता आर्य्यावर्त्तीयहरू तिमीलाई



अरू मतावलम्बीहरूजस्तै सम्झन्छन्। अझैपनि चेतेर वेदादिको मान्यताद्वारा देशोन्नति गर्नेतर्फ लाग्छौ भने ठीक हुनेछ। जब तिमी 'सबै सत्य ईश्वरबाटै प्रकाशित हुन्छ, भन्ने कुरा भन्दछौ भने ऋषिहरूका आत्मामा ईश्वरबाट प्रकाशित भएका सत्यार्थ वेदलाई किन मान्दैनौ? अँ, यो एउटा कारण त छ कि तिमीहरूले वेद पढेका छैनौ तथा पढ्ने इच्छा पनि गर्दैनौ, अनि तिमीलाई कसरी वेदोक्त ज्ञान हुनसक्ला र?'

६. अर्को कुरा, ईसाई र मुसलमानहरूले मानेजस्तै जगत्को उपादान कारणविना नै जगत्को उत्पत्ति र जीवलाई पनि उत्पन्न मान्दछौ। यस कुराको उत्तर सृष्टि उत्पत्ति र जीव–ईश्वरको व्याख्या प्रकरणमा हेर्नुहोला। कारणविना कार्य उत्पन्न हुनु सर्वथा असम्भव हो र उत्पन्न वस्तुको नाश नहुनु पनि त्यस्तै असम्भव हुन्छ।

७. 'पश्चात्ताप र प्रार्थनाबाट पापहरूको निवारण हुने कुरा मान्नु' पनि तिम्रो एउटा दोष हो। यसैकारण संसारमा धेरैजसो पाप बढिरहेछन्। किनकि पुराणीहरू तीर्थयात्रा आदिबाट, जैनीहरूपनि नवकार मन्त्र, जपादि तीर्थादिबाट, ईसाईहरू ईसाप्रति विश्वास राख्नाले, मुसलमानहरू 'तौबाः' गर्नाले पाप नभोगिकनै काटिने कुरा मान्दछन्। यसबाट पापदेखि भय नरहेर पापतर्फ धेरै प्रवृत्ति बढेको छ। यस कुरामा ब्राह्मसमाजी र प्रार्थनासमाजी पनि पुराणी आदि जस्तै छन्। वेद पढ्ने–पढाउने गरेका भए नभोगिकन पाप–पुण्यको निवृत्ति नहुनाले पापदेखि डराउँने र सदा धर्मतर्फ लाग्नेथिए। भोगविना नै पापको निवृत्ति मानेमा ईश्वर अन्यायकारी ठहरिन्छन्।

८. तिमी जीवको अनन्त उन्नति मान्दछौ भने कहिल्यै त्यसो हुनसक्तैन। किनकि सीमित जीवका गुण, कर्म, स्वभावको फल पनि अवश्य सीमित हुनुपर्दछ।

**प्रश्न**—परमेश्वर दयालु हुनाले सीमित कर्मको अनन्त फल दिनेछ।

**उत्तर**—यसो भएमा परमेश्वर अन्यायी ठहर्नेछ र सत्कर्मको उन्नति पनि कसैले गर्नेछैन, किनकि परमेश्वरले थोरै पनि सत्कर्मको अनन्त फल दिनेछ र जतिसुकै पाप भए पनि पश्चात्ताप वा प्रार्थनाबाट छुट्नेछन्। यस्ता कुराबाट धर्मको हानि र पापकर्मको वृद्धि हुन्छ।

**प्रश्न**—हामी नैमित्तिकलाई होइन, स्वाभाविक ज्ञानलाई वेदभन्दा पनि ठूलो मान्दछौं, किनकि हामीमा परमेश्वरले दिएको स्वाभाविक ज्ञान नभएको भए वेदलाई पनि कसरी पढ्न–पढाउन, बुझ्न–बुझाउन सकिन्थ्यो? यसकारण हामीहरूको मत धेरै राम्रो छ।



PDFill PDF Editor with Free Writer and Tools

**उत्तर**—तिम्रो यो कुरा निरर्थक छ। किनकि कसैले दिएको ज्ञान स्वाभाविक हुँदैन। स्वाभाविक त सहजज्ञान हुन्छ र त्यो घट्न–बढ्न सक्तैन। त्यसबाट कसैले पनि उन्नति गर्न सक्तैन। किनकि जङ्गली मानिसहरूमा पनि स्वाभाविक ज्ञान छ तापनि तिनले आफ्नो उन्नति गर्नसकेनन्। अनि नैमित्तिक ज्ञान नै उन्नतिको कारण हो। हेर, तिमी–हामी बाल्यावस्थामा कर्त्तव्य–अर्त्तव्य र धर्म–अधर्म केही पनि ठीक–ठीक जान्दैनथ्यौं। हामीले विद्वान्हरूबाट पढेपछि मात्र कर्त्तव्य–अकर्त्तव्य र धर्म–अधर्मलाई बुझ्नथाल्यौं। यसकारण स्वाभाविक ज्ञानलाई सर्वोपरि मान्नु ठीक होइन।

९. तपाईंहरूले पूर्वजन्म र परजन्मलाई नमान्ने कुरा ईसाई र मुसलमानहरूबाट लिएको हुनुपर्दछ। यसको पनि उत्तर पुनर्जन्मको व्याख्याबाट बुझ्नुहोला। तर यति चाहिं बुझिराख्नु पर्दछ कि जीव शाश्वत अर्थात् नित्य छ र उसका कर्म पनि प्रवाहरूपले नित्य हुन्छन्। कर्म र कर्मवान्को नित्यसम्बन्ध हुन्छ। के त्यो जीव निकम्मा भएर बसिरहन्थ्यो वा बसिरहने छ? अनि तिम्रो कथनअनुसार परमेश्वर पनि निकम्मा ठहरिन्छन्। पूर्वापरजन्म नमान्नाले परमेश्वरमा कृतहानि र अकृताभ्यागम अनि नैर्घृण्य र वैषम्य दोष पनि लाग्दछन्, किनकि जन्म नभएमा पाप–पुण्यका फलभोगको हानि हुनेछ। किनकि जसरी अर्कालाई सुख:दुख, हानि–लाभ पुर्याइएको हुन्छ, त्यसको त्यस्तै फल शरीरधारण नगरी प्राप्त हुनसक्तैन। अर्कोकुरा, पूर्वजन्मका पाप–पुण्यअनुसार सुख–दु:ख नहुने भए परमेश्वर अन्यायकारी र कर्मको फल नभोगिकनै नाश हुनेजस्तै हुनेछ। यसकारण तिमीहरूको यो कुरा पनि ठीक होइन।

१०. अर्को एउटा कुरा यो पनि छ—'ईश्वरबाहेक अरू दिव्यगुणयुक्त पदार्थहरूलाई र विद्वान्हरूलाई नमान्नु देव पनि ठीक होइन।' किनकि परमेश्वर महादेव हो। अनि देव नै नभएमा सबै देवहरूको स्वामी हुनाले 'महादेव' किन भनिन्थ्यो।

११. एउटा अर्को कुरा, अग्निहोत्र आदि परोपकारक कर्मलाई कर्त्तव्य नसम्झिनु उचित होइन।

१२. ऋषि महर्षिहरूका उपकारलाई नमानेर ईसा आदितर्फ ढल्किनु ठीक होइन।

१३. कारणविद्या वेदविना अरू कार्यविद्याहरूको प्रवृत्ति मान्नु सर्वथा असम्भव हो।



१४. विद्या का चिह्न जनै र टुप्पीलाई छोडेर मुसलमान, ईसाईजस्तै बन्नु पनि व्यर्थै हो। जब पतलुन आदि वस्त्र लगाउँदछौ र तक्मा भिर्न पनि चाहान्छौ भने के जनै आदि भारी भएका थिए र?

१५. ब्रह्मादेखि लिएर पछि–पछि आर्य्यावर्त्तमा धेरै विद्वान् भएका छन्। तिनको प्रशंसा नगरेर यूरोपियनकै स्तुतिमा लागिपर्नुलाई पक्षपात र खुशामदबाहेक के भन्नु र?

१६. बीजांकुरजस्तै जड़चेतनको योगबाट जीवको उत्पत्ति मान्नु, उत्पत्ति हुनुअघि जीवतत्त्वलाई नमान्नु र उत्पन्नको नाश हुने कुरा नमान्नु पूर्वापरविरुद्ध कुरा हो। उत्पत्ति हुनुअघि चेतन र जड़वस्तु थिएन भने जीव कहाँबाट आयो? र संयोग कसको भयो? यी दुबैलाई सनातन मान्दछौ भने ठीक छ। तर सृष्टिभन्दा अघि ईश्वरबाहेक अरू कुनै तत्त्वलाई नमान्नु, भने तिम्रो पक्ष व्यर्थ हुनेछ। यसकारण उन्नति चाहान्छौ भने '**आर्यसमाज**' सँग मिलेर यसका उद्देश्यअनुसार आचरण गर्न स्वीकार गर, नत्रभने केही पनि हात पर्नेछैन। किनकि जुन देशका पदार्थबाट आफ्नो शरीर बन्यो, अहिले पनि पालन भइरहेछ र पछि पनि हुनेछ, सबैले मिलेर तन–मन–धनले प्रीतिपूर्वक त्यसको उन्नति गर्नु हाम्रो र तिम्रो कर्त्तव्य हो। यसकारण आर्यावर्त्त देशको उन्नतिको जस्तोकारण "**आर्यसमाज**" छ, त्यस्तो अरू कुनै हुनसक्तैन। यस समाजलाई यथावत् सहायता गर्छौ भने धेरै राम्रो कुरा हो। किनकि समाजको सौभाग्य समुदायबाट बढ्दछ, एउटाबाट बढ्दैन।

**प्रश्न**—तपाईं सबैको खण्डन नै गरिरहनुहुन्छ, तर आ–आफ्ना धर्ममा सबै ठीक छन्। कसैको खण्डन गर्नु उचित होइन। खण्डन गरेर तपाईं यीभन्दा विशेष के बताउनुहुन्छ? केही बताउनुहुन्छ भने के कोही व्यक्ति तपाईंभन्दा बढी वा तपाईंजस्तै थिएन वा छैन? तपाईंले यस्तो घमण्ड गर्नु उचित होइन।

**उत्तर**—सबैको धर्म एउटै हुन्छ अथवा अनेक हुन्छन्? अनेक हुन्छन् भन्छौ भने एक –अर्का विरुद्ध हुन्छन् अथवा अविरुद्ध हुन्छन्? विरुद्ध हुन्छन् भन्छौ भने एउटाविना अर्को धर्म हुनसक्तैन अनि अविरुद्ध छन्, भन्छौ भने छुट्टा–छुट्टै हुनु व्यर्थै हो। यसकारण धर्म एउटै छ र अधर्म पनि एउटै छ, अनेक होइन। हामी यही विशेष भन्दछौं कि जसरी सबै सम्प्रदायका उपदेशकलाई कुनै राजाले जम्मा गरेमा एक हजारभन्दा कम हुने छैनन्, तर यिनको मुख्य मूल भाग हेरेमा पुरानी, किरानी, जैनी र कुरानी यी चार मात्र छन्। किनकि यी चारमै सबै



PDFill PDF Editor with Free Writer and Tools

सम्प्रदाय अटाउँछन्। कुनै राजाले तिनीहरूको सभा गराएर कसैले जिज्ञासु भएर पहिले वाममार्गीसँग सोध्नुपर्दछ—'हे महाराज! मैले आजसम्म न त कुनै गुरु न कुनै धर्मलाई ग्रहण गरेको छु। अब भन्नुहोस्, सबै धर्ममध्ये उत्तम धर्म कसको छ, जसलाई मैले ग्रहण गरूँ।'

**वाममार्गी**—हाम्रो हो।

**जिज्ञासु**—यी नौसय उनान्सय (९९९) कस्ता छन्?

**वाममार्गी**—सबै झूठा र नरकगामी हुन्, किनकि '**कौलात् परतरं नहि**' यस वचन को प्रमाण अनुसार हाम्रो धर्मभन्दा उत्तम कुनै धर्म छैन।

**जिज्ञासु**—तपाईंको धर्म के हो?

**वाममार्गी**—भगवतीलाई मान्नु, मद्य-मांस आदि पञ्चमकारको सेवन र रुद्रयामल आदि चौंसठ्ठी तन्त्रलाई मान्नु इत्यादि हाम्रो धर्म हो। तिमीलाई मुक्तिको इच्छा छ भने हाम्रो चेला बन।

**जिज्ञासु**—ल, ठीक छ। तर अरू महात्माहरूको पनि दर्शन गरेर सोधपुछ पनि गरेर आउँछु, अनि जुनमा मेरो श्रद्धा र प्रीति हुनेछ, त्यसैको चेलो बन्नेछु।

**वाममार्गी**—अरे! किन भ्रान्तिमा परेका छौ? तिनीहरूले तिमीलाई झुक्याएर र भड्काएर आफ्नो जालमा फँसाउनेछन्। कसैको नजिक नजाऊ। हाम्रै शरणागत भैहाल, नत्र पछुताउनुपर्नेछ। हेर, हाम्रो मतमा भोग र मोक्ष दुबै छन्।

**जिज्ञासु**—ठिकै छ, तर सोधेर त आऊँ?

त्यसपछि शैवनजिक गएर सोद्धा उसले पनि त्यस्तै उत्तर दियो र यति विशेष भन्यो—शिव, रुद्राक्ष, भस्म धारण र लिङ्गार्चन बिना कहिल्यै मुक्ति हुँदैन। अनि ऊ त्यसलाई छोडेर नवीन वेदान्तीछेउ पुग्यो।

**जिज्ञासु**—भन्नुहोस् त महाराज! तपाईंको धर्म के हो?

**वेदान्ती**—हामी धर्म, अधर्म केही पनि मान्दैनौं। हामी साक्षात् ब्रह्म हौं। हामीमा धर्म, अधर्म कहाँ छ र? यो सबै जगत् मिथ्या हो। कोही ज्ञानी, शुद्ध,चेतन हुन चाहेमा आफूलाई ब्रह्म मानेर, जीवभावलाई त्यागेर नित्यमुक्त हुनेछ।

**जिज्ञासु**—तिमी नित्यमुक्त ब्रह्म हौ भने तिमीमा ब्रह्मका गुण, कर्म, स्वभाव किन छैनन्? र शरीरमा किन बाँधिएका छौ?

**वेदान्ती**—तिमीलाई शरीर देखिन्छन्,यसैकारण तिमी भ्रान्त छौ। हामीलाई ब्रह्म बाहेक केही पनि देखिंदैन।

**जिज्ञासु**—तिमी देख्ने को हौ? र कसलाई देख्तछौ?



**वेदान्ती**—देख्ने ब्रह्म र ब्रह्मले ब्रह्मलाई नै देख्तछ।

**जिज्ञासु**—के दुई ब्रह्म छन्?

**वेदान्ती**—होइन, आफूले आफैंलाई देख्तछ।

**जिज्ञासु**—के कोही आफ्नो काँधमा आफैं चढ्न सक्तछ? तिम्रो कुरा केही पनि होइन, मात्र पागलपनका कुरा हुन्।

त्यसपछि हिंडेर ऊ जैनीहरूसमीप पुग्यो र सोध्यो। उनीहरूले पनि त्यस्तै भने। तर यति चाहिं खासगरी भने कि 'जिण धर्मबाहेक सबै धर्म खोटा हुन्। जगत्‌को कर्त्ता कुनै अनादि ईश्वर छैन। जगत् अनादिकालदेखि जस्ताकोत्यस्तै छ र त्यस्तै रहनेछ। आऊ, तिमी हाम्रा चेला बन। किनकि हामी सम्यक्त्वी अर्थात् सबै किसिमले असल हौं, उत्तम कुराहरूलाई मान्दछौं। जैनमार्गबाहेक सबै मिथ्यात्वी=झूटा हुन्।'

त्यसपछि गएर ईसाईसँग सोध्यो। उसे वाममार्गीजस्तै सबै सवाल-जवाफ गर्‍यो। यति विशेष बतायो—'सबै मानिस पापी छन्। आफ्नै सामर्थ्यले पाप छुट्दैन। ईसामाथि विश्वास नगरी पवित्र भएर मुक्ति प्राप्त गर्न सकिंदैन। ईसाले सबैको प्रायश्चित्तका लागि आफ्ना प्राण दिएर दया प्रकाशित गरे। तिमी हाम्रै चेला बन।'

यो पनि सुनेर जिज्ञासुले मौलवी साहेबसँग सम्पर्क स्थापित गर्‍यो। तीसँग पनि यस्तै प्रश्न-उत्तर भए। यति विशेष भने—'लासरिक खुदा, उसका पैगम्बर र कुरानसरिफलाई नमानी कसैले निजात पाउन सक्तैन। यस मजहबलाई नमान्ने दोजखी र काफिर हो, बाजिबुल कत्ल हो।'

यसपछि जिज्ञासु वैष्णवकहाँ गयो। त्यस्तै संवाद भयो। यति विशेष भन्यो—'हाम्रा तिलक छापलाई देखेर यमराज डराउँछन्'। जिज्ञासुले मनमनै सोच्यो—झिंगा, लामखुट्टे, प्रहरी जवान, चोर, डाँकू र शत्रु त डराउँदैनन् भने यमराजका गण किन पो डराउँछन् र?

फेरि अघि बढ्यो। सबै मतावलम्बीहरूले आ-आफैंलाई सच्चा बताए। कुनैले—हाम्रो कबीर सच्चा, अर्कोले—नानक, कसैले—दादू, अरू कुनैले—वल्लभ, कुनैले—सहजानन्द र कसैले—माध्व आदिलाई ठूला र अवतार बताएको सुन्यो।

हजारसँग सोधेर उनीहरूबीच परस्पर एक-अर्काको विरोध देखेर विशेषरूपमा 'यिनमा कुनैपनि गुरु बनाउन योग्य छैन्' भन्ने निश्चय गर्‍यो। किनकि एउटा झूटो हो भन्ने कुरामा नौसय उनान्सय साक्षी भए।

झूटो पसले या वेश्या अथवा भँडुवा आदिले जसरी आ-आफ्नो वस्तुको प्रशंसा र अरूको निन्दा गर्दछन्, त्यस्तै यी हुन् भन्ने सम्झेर—



PDFill PDF Editor with Free Writer and Tools

**तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत्।**
**समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम्॥ १॥**
**तस्मै स विद्वानुपसन्नाय सम्यक्प्रशान्तचित्ताय शमन्विताय।**
**येनाक्षरं पुरुषं वेद सत्यं प्रोवाच तां तत्त्वतो ब्रह्मविद्याम्॥ २॥**

—मुण्डकोपनिषद् १।२।१२, १३

त्यस सत्यको विज्ञानका निम्ति उसले समित्पाणि अर्थात् हात जोरेर, हातमा केही लिएर वेदजान्ने, ब्रह्मनिष्ठ, परमात्मालाई जान्ने गुरुकहाँ जानुपर्दछ। यी पाखण्डीहरूको जालमा पर्नुहुँदैन॥ १॥

यस्ता जिज्ञासु विद्वान्समीप जाँदा त्यस शान्तचित्त, जितेन्द्रियले समीप आएको जिज्ञासुलाई यथार्थ ब्रह्मविद्या, परमात्माका गुण, कर्म, स्वभावको उपदेश गर्नुपर्दछ। अनि जुन-जुन साधनबाट त्यो श्रोताले धर्म, अर्थ, काम, मोक्ष र परमात्मालाई जान्न सकोस्, त्यस्तै शिक्षा गर्ने गर्नुपर्दछ॥ २॥

त्यस जिज्ञासुले यस्ता पुरुषका समीप गएर—'महाराज! अब यी सम्प्रदायका झैं-झगडाबाट मेरो मन भ्रान्त भइसक्यो। किनकि म यिनमा कुनै एउटाको चेलो भएमा नौसय उनान्सयको विरोधी हुनुपर्नेछ। नौसय उनान्सय शत्रु र एउटा मित्रु हुनेलाई कहिल्यै सुख हुनसक्तैन। यसकारण तपाईं मलाई मैले ग्रहणगर्न योग्य उपदेश गर्नुहोस्' भन्यो।

**आप्त विद्वान्**—यी सबै मत अविद्याजन्य विद्याविरोधी हुन्। मूर्ख, लाछी र जङ्गली मानिसलाई भ्रान्त पारेर आफ्ना जालमा फँसाएर आ-आफ्ना प्रयोजन सिद्ध गर्दछन्। ती विचरा भ्रान्त व्यक्ति आफ्नो मनुष्य जन्मको फलबाट वञ्चित भएर मनुष्यजन्मलाई व्यर्थैमा गुमाउँछन्। हेर, जुन कुरामा यी हजार एकमत हुन्छन्, त्यो वेदमत ग्राह्य हो। अनि जुनमा परस्पर विरोध हुन्छ, त्यो कल्पित, झूटो, अधर्म, अग्राह्य हो।

**जिज्ञासु**—यसको परीक्षा कसरी हुनेछ?

**आ०वि०**—तिमी गएर यी-यी कुरा सोध। सबैको एउटै सम्मति हुनेछ।

अनि त्यस जिज्ञासुले ती हजारको मण्डलीको बीचमा उभिएर भन्यो—सबै सुन! सत्य बोल्नमा धर्म हुन्छ अथवा मिथ्या बोल्नमा? सबैले एकै स्वरमा 'सत्य बोल्नमा धर्म र असत्य बोल्नमा अधर्म हुन्छ' भने। त्यस्तै विद्या पढ्न, ब्रह्मचर्यपालन गर्न, पूर्ण युवावस्थामा विवाह, सत्संग, पुरुषार्थ, सत्य व्यवहार आदिमा धर्म हुन्छ अथवा अविद्याग्रहण, ब्रह्मचर्यपालन नगर्नु, व्यभिचार, कुसङ्ग, आलस्य, असत्य



व्यवहार, छल, कपट, हिंसा, अर्काको हानि आदि कर्ममा? भनी सोद्धा सबैले एकमत भएर 'विद्या आदिलाई ग्रहण गर्नमा धर्म र अविद्या आदिलाई ग्रहण गर्नमा अधर्म हुन्छ' भने।

तब जिज्ञासुले सबैसँग भन्यो—'तिमीहरू यसैगरी सबैजना एकमत भएर सत्यधर्मको उन्नति र मिथ्यामार्गको हानि किन गर्दैनौ?'

ती सबैले भने—हामीले यसो गर्यौं भने हामीलाई कसले पुछ्ला र? हाम्रा चेला हाम्रो आज्ञामा रहनेछैनन्, हाम्रो जीविका नष्ट हुनेछ। अनि जुन आनन्द हामी भोगिरहेछौं, त्यो सबै खुस्कनेछ। यसकारण हामीलाई सत्य र असत्यबारे जानकारी भएतापनि आ-आफ्ना मतको उपदेश र आग्रह गरिनैरहन्छौं। किनकि **'रोटी खाइए सक्कर से दुनिया ठगिए मक्कर से'** अर्थात् जाल-झेलबाट भएपनि दुनियाँलाई ठगेर आनन्द भोग्न आवश्यक छ। हेर, संसारमा सोझा-साझा मानिसलाई न त कसैले केही दिन्छ न उसको सोधपूछ नै हुन्छ। केही ढोंग=पाखण्डबाजी र धूर्त्तता गर्नेले नै पदार्थ प्राप्त गर्दछन्।

**जिज्ञासु**—तिमीहरूले यस्ता पाखण्ड चलाएर अरू मानिसलाई ठग्दा तिमीलाई राजाले दण्ड किन दिंदैनन्?

**मतवादी**—हामीले राजालाई पनि चेला बनाएका छौं। हामीले पक्का प्रबन्ध गरेका छौं। कोही छुट्ने छैन।

**जिज्ञासु**—तिमीहरू छलकपटले अरू मतका मानिसलाई ठगेर उनीहरूको हानि गर्दछौ भने परमेश्वरका सामु के उत्तर दिनेछौ? अनि घोर नरकमा पर्नेछौ। थोरै जीवनका निम्ति यति ठूलो अपराध गर्न किन छोड्दैनौ?

**मतवादी**—जब जस्तो पर्ला, त्यस्तै टर्ला। नरक र परमेश्वरको दण्ड जब हुनेछ, तब हुनेछ, अहिले आनन्द गरिरहेछौं। भक्तजनले हामीलाई प्रसन्नतापूर्वक धनादि पदार्थ दिन्छन्, हामी खोसेर त लिंदैनौं। अनि राजाले दण्ड किन दिने?

**जिज्ञासु**—जसरी कसैले सानो बालकलाई फकाएर धनादि पदार्थ हर्दछ भने त्यसलाई दण्डित गरिन्छ, त्यस्तै तिमीलाई दण्ड किन न मिल्ने? किनकि—

**अज्ञो भवति वै बालः पिता भवति मन्त्रदः॥**

—मनुस्मृति २।५३

ज्ञानरहित व्यक्तिलाई बालक र ज्ञान दिनेलाई पिता व वृद्ध भनिन्छ। बुद्धिमान् विद्वान् त राम्रा कुरामा फँस्दैन। तर बालक जस्तै अज्ञानीहरूलाई



PDFill PDF Editor with Free Writer and Tools

ठगेकोमा भने तिमीलाई राजदण्ड अवश्य मिल्नुपर्ने हो।

**मतवादी**—राजा–प्रजा सबै हाम्रा मतमा छन् भने हामीलाई दण्ड कसले दिने? त्यस्तो व्यवस्था भयो भने यी कुरालाई छोडेर अर्कै व्यवस्था गर्नेछौं।

**जिज्ञासु**—तिमीले बसी–बसी मस्ती लिनुको सट्टा गृहस्थका छोरा–छोरीलाई विद्याभ्यास गराएर पढाएमा तिम्रो पनि, गृहस्थको पनि कल्याण हुनेछ।

**मतवादी**—हामीले बाल्यावस्थादेखि मृत्युसम्मका सुखलाई त्यागेर, बाल्यावस्थादेखि युवावस्थासम्म विद्या पढ्नमा परिश्रम गरेर, त्यस पछि पढाउन र उपदेश गर्नमा जन्मभर परिश्रम गर्नाले हाम्रो के विशेष प्रयोजन सिद्ध हुनेछ र? हामीलाई त यत्तिकै लाखौं रुपैयाँ प्राप्त हुन्छ, मजा गरिरहेछौं, त्यसलाई किन छोड्ने?

**जिज्ञासु**—यसको परिणाम त नराम्रो हुन्छ नि। हेर, तिमीलाई ठूला–ठूला रोग लाग्दछन्, छिटै मर्दछौ, बुद्धिमान्हरूमा तिम्रो निन्दा हुन्छ, फेरि पनि किन बुझ्दैनौ?

**मतवादी**—ए बन्धु!

**टका धर्मष्टका कर्म टका हि परमं पदम्।**
**यस्य गृहे टका नास्ति हा! टकां टकटकायते॥ १॥**
**आना अंशकला: प्रोक्ता रूप्योऽसौ भगवान् स्वयम्।**
**अतस्तं सर्व इच्छन्ति रूप्यं हि गुणवत्तमम्॥ २॥**

तिमी अल्लारे छौ, संसारका कुरा बुझ्दैनौ। धनविना धर्म, कर्म वा परमपद प्राप्त हुँदैन। जसका घरमा धन हुँदैन ऊ हे पैसा! हे पैसा! गर्दै उत्तम पदार्थहरूलाई ट्वाल्ट्वाल्ती हेरिरहन्छ कि हाय! मसँग पनि धन भएको भए म पनि यस उत्तम पदार्थको भोग गर्ने थिएँ॥ १॥ किनकि सबैजना जुन सोह्र कलायुक्त अदृश्य भगवान्को कथन गर्दछन् त्यो त देखिंदैन, तर सोह्र आना र पैसा, कौडीरूपी अंश, कलायुक्त रूपैयाँ नै साक्षात् भगवान् हो। यसकारण सबै काम रूपैयाँबाटै सिद्ध हुनेहुँदा सबैजना रूपैयाँकै खोजीमा लागिरहन्छन्॥ २॥

**जिज्ञासु**—ठीक छ। तिम्रो भित्री मनसाय प्रष्ट भयो। तिमीले खडा गरेको यो सबै पाखण्ड तिम्रो आफ्नै निजी सुखका लागि रहेछ। तर यसमा जगत्को नाश हुन्छ। किनकि सत्योपदेशबाट संसारलाई फाइदा हुने भए जस्तै असत्योपदेशले नोक्सानी हुन्छ। तिम्रो मुख्य प्रयोजन धन नै हो भने नोकरी र व्यापार आदि कर्म गरेर धन–संग्रह



किन गर्दैनौ?

**मतवादी**—त्यसमा परिश्रम धेरै गर्नुपर्दछ र नोक्सानी पनि हुनसक्तछ। यता हाम्रो यस लीलामा भने सदा–सर्वदा फाइदै–फाइदा भैरहन्छ, हानि–नोक्सानी कहिल्यै हुँदैन। हेर, तुलसीदल हालेर, चरणामृत दिएर, कण्ठी बाँधेर चेलो बनाएपछि जन्मभर पशुसरह हुन्छ, अनि आफूले चाहेबमोजिम चलायो, चल्नसक्तछ।

**जिज्ञासु**—यिनीहरू तिमीलाई धेरैजसो धन किन दिन्छन्?

**मतवादी**—धर्म, स्वर्ग र मुक्तिका लागि।

**जिज्ञासु**—तिमी आफैं मुक्त होइनौ र मुक्तिको स्वरूप र साधन पनि जान्दैनौ भने तिम्रो सेवा गर्नेलाई के मिल्ला र?

**मतवादी**—यस लोकमा पाइन्छ र? पाइँदैन। तर मरेपछि परलोकमा प्राप्त हुन्छ। यिनीहरू हामीलाई जे जति दिन्छन्, अथवा सेवा गर्दछन्, यिनीहरूलाई त्यो सबै परलोकमा प्राप्त भैहाल्दछ।

**जिज्ञासु**—यिनीहरूले दिएको त पाउँछन् वा पाउँदैनन्। तिमीहरूलिलाई चाहिं के मिल्नेछ? नरक अथवा अरू केही?

**मतवादी**—हामी भजन गर्नेगर्दछौं। यसको सुख हामीले पाउँनेछौं।

**जिज्ञासु**—तिम्रो भजन त धनका लागि नै हो। त्यो सबै धन यहीं छुट्नेछ र यहाँ जुन मांसपिण्डलाई पालिरहेछौ त्यो पनि भस्म भएर यहीं रहनेछ। तिमीले परमेश्वरको भजन गर्ने गरेका भए तिम्रो आत्मा पनि पवित्र हुने थियो।

**मतवादी**—के हामी अशुद्ध छौं त?

**जिज्ञासु**—भित्रबाट साह्रै फोहोरी छौ।

**मतवादी**—तिमीले कसरी जान्यौ?

**जिज्ञासु**—तिम्रा चाल–चलन–व्यवहारबाट।

**मतवादी**—महात्माहरूका व्यवहार हात्तीका दाँत जस्तै हुन्छन्। जसरी हात्तीका दाँत खाने र देखाउने भिन्नाभिन्नै हुन्छन्, त्यस्तै हामी भित्रबाट पवित्र छौं र बाहिरबाट लीलामात्र गर्दछौं।

**जिज्ञासु**—तिमी भित्रबाट शुद्ध भएका भए तिम्रा बाहिरी काम पनि शुद्ध हुन्थे। अत: भित्र पनि मैला छौ।

**मतवादी**—हामी जस्तासुकै भए पनि हाम्रा चेला त ठिकै छन्।

**जिज्ञासु**—जस्ता तिमी गुरु छौ, त्यस्तै तिम्रा चेला पनि होलान्।

**मतवादी**—एकमत कहिल्यै हुनै सक्तैन, किनकि मानिसका गुण–कर्म–स्वभाव भिन्नभिन्नै हुन्छन्।



PDFill PDF Editor with Free Writer and Tools

**जिज्ञासु**—बाल्यावस्थामा एकनास शिक्षा, सत्यभाषण आदि धर्मको ग्रहण र मिथ्याभाषण आदि अधर्मको त्याग गरेमा एकमत अवश्य हुनेछ। अनि दुईमत अर्थात् धर्मात्मा र अधर्मात्मा सधैं रहन्छन्, ती रहून्। तर धर्मात्मा बढी र अधर्मी कम हुनाले संसारमा सुख बढ्दछ तथा अधर्मी धेरै हुनाले भने दुःख बढ्दछ। सबै विद्वान्हरूले एकनास उपदेश गरेमा एकमत हुनमा कति पनि ढिलो हुने थिएन।

**मतवादी**—हिजोआज कलियुग छ। सत्ययुगका कुरा न खोज।

**जिज्ञासु**—कलियुग नाम कालको हो। काल निष्क्रिय हुनाले कुनै धर्म वा अधर्म गर्नमा साधक-बाधक हुँदैन। तर तिमीहरू नै कलियुगका मूर्त्ति बनेका छौ। मानिस नै सत्ययुग वा कलियुगरूप नभए संसारमा कोही पनि धर्मात्मा वा अधर्मात्मा हुँदैनन्। यी सबै संगतका गुण-दोष हुन्, स्वाभाविक होइनन्।

यति भनेर जिज्ञासु 'आप्त' पुरुषका समीप गयो। तीसँग भन्यो—महाराज! तपाईं मेरो उद्धार गर्नुभयो। नत्र म पनि कसैको जालमा फँसेर नष्ट-भ्रष्ट हुनेथिएँ। अब म पनि यी पाखण्डीहरूको खण्डन र वेदोक्त सत्यमतको मण्डन गर्नेछु।

**आप्त**—सबै मानिसलाई सत्यको मण्डन र असत्यको खण्डन पढेर, सुनाएर सत्योपदेशद्वारा उपकार पुर्याउनु नै सबै मानिसको खासगरी विद्वान् र सन्यासीहरूको काम हो।

**प्रश्न—ब्रह्मचारी-संन्यासी** त ठीक छन् होइन?

**उत्तर**—यी आश्रम त ठीक हुन्, तर हिजो आज यिनमा पनि धेरैजसो गडबडी छ। धेरैले नाम त ब्रह्मचारी राख्दछन् र झूट-मूट जटा बढाएर सिद्ध बन्दछन् र जप-पुरश्चरण आदिमा फँसिरहन्छन्। जुन मुख्य कारणले ब्रह्मचारी नाम हुन्छ त्यो विद्या पढ्ने नाम पनि लिंदैनन्। ती ब्रह्म अर्थात् वेदपढ्नमा अलिकति पनि परिश्रम नगर्नेहरूको 'ब्रह्मचारी' नाम बाख्राको गलाको स्तनजस्तै निरर्थक हुन्छ। अनि त्यस्तै विद्याहीन, दण्ड-कमण्डलु बोकेर भिक्षा माँग्दै डुल्ने, वेदमार्गको केही पनि उन्नति नगर्ने, सानै उमेरमा संन्यास लिएर घुम्ने तथा विद्याभ्यास नगर्ने 'संन्यासी' नामधारी पनि त्यस्तै हुन्। यस्ता ब्रह्मचारी र सन्यासी यताउति जल-स्थल-पाषाण आदि मूर्त्तिहरूको दर्शन-पूजा गर्दै फिर्दछन्, विद्या जानेर पनि चुप रहन्छन्, टन्न खाएर-पिएर एकान्त ठाउँमा पल्टिरहन्छन्, ईर्ष्या-द्वेषमा फँसेर निन्दा कुचेष्टा गरेर निर्वाह गर्दछन्, रङ्गाएका काषाय वस्त्र धारण र दण्डग्रहणमात्रबाट आफूलाई कृतकृत्य



सम्झन्छन् र सर्वोत्कृष्ट जानेर पनि उत्तम काम गर्दैनन्। यस्ता संन्यासी पनि संसारमा व्यर्थै बस्तछन्। अनि सब जगत्को हित साधनमा लाग्नेहरू भने ठीक छन्।

**प्रश्न**—गिरी, पुरी, भारती आदि गुसाईंहरू त ठीक होलान्? किनकि मण्डली बनाएर यताउति घुम्दछन्। सयौं साधुहरूलाई आनन्द गराउँदछन् र सर्वत्र अद्वैतमतको उपदेश गर्दछन्। अनि केही पढाउने पनि गर्दछन्। यसकारण ती त ठिकै होलान्?

**उत्तर**—यी सबै दसनाम पछि कल्पना गरिएका हुन्, सनातन होइनन्। तिनका मण्डली भोजनका लागि मात्र हुन्छन्, धेरैजसो साधु भोजनकै निम्ति मण्डलीमा बस्तछन्। दम्भी=घमण्डी पनि छन्, किनकि एउटालाई महन्त बनाएर सायंकालमा तिनमा मुख्य महन्त गद्दीमा बस्तछ। सबै ब्राह्मण र साधु उभिएर हातमा फूल लिएर—

**नारायणं पद्मभवं वसिष्ठं शक्तिं च तत्पुत्रपराशरं च।**
**व्यासं शुकं गौडपदं महान्तम्०॥**

इत्यादि श्लोक पढेर 'हर-हर' बोलेर तीमाथि पुष्पवर्षा गरेर साष्टाङ्ग नमस्कार गर्दछन्। यसो नगर्नेले त्यहाँ त्यहाँ बस्न पनि कठिन हुन्छ। यो दम्भ दुनियाँलाई देखाउन र जगत्मा प्रतिष्ठा भएर माल मिलोस् भन्ने ध्येयले गर्दछन्। धेरै मठधारी गृहस्थ भएर पनि संन्यासको अभिमान गर्दछन्, कर्म केही गर्दैनन्। संन्यासीका काम-कर्त्तव्य पाँचौं समुल्लासमा लेखिएबमोजिम हुनुपर्दछ। त्यसो नगर्नेहरू भने व्यर्थै समयमात्र खेर फाल्दछन्। कसैले राम्रो उपदेश गर्यो छ भने यिनीहरू त्यसका पनि विरोधी हुन्छन्। यिनीहरू धेरैजसो रुद्राक्षधारण गर्दछन् र कुनै-कुनै शैव सम्प्रदायको घमण्ड गर्दछन्। अनि कुनै बेला शास्त्रार्थ गर्नुपरेमा आफ्नो मत अर्थात् शङ्कराचार्योक्त मतको स्थापना र चक्राङ्कित आदिको खण्डनतर्फ लाग्दछन्। वेदमार्गको उन्नति र समस्त पाखण्डमार्गको खण्डनतर्फ लाग्दैनन्। यी संन्यासीहरू 'हामीलाई खण्डन-मण्डनसँग के प्रयोजन छ र? हामी त महात्मा हौं' भन्ठान्दछन्। यस्ता व्यक्ति पनि संसारमा भाररूप नै हुन्।

यस्तो हुनाले नै वेदमार्ग विरोधी वाममार्ग आदि सम्प्रदायी, ईसाई, मुसलमान, जैनी आदि बढे र अझै बढिरहेछन्। अनि यी वेदमार्गी आर्यहरूको नाश हुँदैगइरहेछ, तापनि यिनका आँखा उघ्रँदैनन्। कहाँबाट आँखा खुलून् र? उनका मनमा परोपकार-बुद्धि र कर्त्तव्यकर्म गर्नमा उत्साह भए न हो? तर यिनीहरू त आफ्नै प्रतिष्ठा, खान-पानका



PDFill PDF Editor with Free Writer and Tools

अगाडि अरू केही पनि बढी आवश्यक ठान्दैनन् र संसारको निन्दादेखि डराउँदछन्। अनि **लोकैषण**=लोकमा प्रतिष्ठा, **वित्तैषणा**=धन बढाउन तर्फ लागेर विषयभोग र **पुत्रैषणा**=सन्तानजस्तै शिष्यहरूप्रति मोहित हुनु, यी तीन एषणा=इच्छालाई त्याग्नु उचित हुन्छ। जबसम्म यी एषणा नै छुट्‌तैनन् भने कसरी संन्यास हुनसक्तछ ? अर्थात् **पक्षपातरहित भएर वेदमार्गको उपदेशद्वारा जगत्‌को कल्याण गर्नमा रातदिन लागिरहनु संन्यासीहरूको मुख्य काम हो।** आ–आफ्ना अधिकार र कर्त्तव्यलाई पूर्ण गर्दैनन् भने संन्यास आदि नाम राख्नु व्यर्थै हुन्छ। नत्र भने व्यवहार र स्वार्थका कार्यमा जसरी गृहस्थ परिश्रम गर्दछन्, तीभन्दा बढी परिश्रम परोपकार गर्नमा संन्यासीले पनि तत्पर रहनुपर्दछ। अनिमात्र सबै आश्रम उन्नतितर्फ लाग्दछन्।

हेर, तिम्रा अगाडि पाखण्डमत बढ्‌दै गइरहेछन्। ईसाई, मुसलमान पनि बनिरहेछन्। तिमी भने आफ्नो घरको रक्षा र अरूलाई मिलाउन अलिकति पनि केही गर्न सक्तैनौ ? चाहे न सक्ने त हो, चाहँदै नचाहिकन कसरी सक्ने ? जबसम्म वर्त्तमान र भविष्यमा संन्यासी उन्नतिशील हुँदैनन्, तबसम्म आर्य्यावर्त्त र अरू देशका मानिसहरूको उन्नति हुँदैन। उन्नतिका कारण= वेदादि सत्यशास्त्रको पठन–पाठन, ब्रह्मचर्य्य आदि आश्रमको यथावत् अनुष्ठान, सत्य उपदेश आदि भएमा मात्र देशको उन्नति हुन्छ।

अझै पनि चेत ! धेरैजसो पाखण्डका कुरा तिमीहरूलाई सच्चा नै लाग्दछन्। जस्तै कुनै दुकानदारी गर्ने साधु पुत्र आदि दिने सिद्धका कुरा गर्दछ र त्यसका समीप धेरैजसो महिलाहरू पुग्दछन्, हात जोरेर पुत्र माग्दछन्। अनि बाबाजी सबैलाई पुत्र हुने आशीर्वाद दिन्छ। तिनमा जस–जसको छोरा जन्मिन्छ, तिनीहरू बाबाजीका आसिकले यसो भएको भन्ठान्दछन्। तिनीहरूसँग 'सुँगुर, कुकुर, गधा र कुखुरा आदिका बालबच्चा कुन बाबाजीका आसिकले जन्मिन्छन्' भनी सोध्नुपर्दछ। अनि केही पनि उत्तर दिन सक्नेछैनन्। कसैले 'म बच्चालाई बचाइराख्न सक्तछु' भन्छ भने ऊ आफैं किन मर्दछ त ?

धेरै धूर्त्तहरूले रचेका मायाबाट ठूला–ठूला बुद्धिमान् पनि धोका खान्छन्। जस्तै—धनसारीका ठग। यिनीहरू पाँच–सातजना मिलेर टाढा–टाढाका ठाउँमा पुग्दछन्। शरीर तथा जीउडालमा राम्रोलाई सिद्ध बनाउँदछन्। धनवान् भएका गाउँ वा सहरको नजिकको वनमा त्यस कथित सिद्धलाई बसाउँदछन्। उसका साथी बस्तीमा गएर अनजान



बनेर जो कोहीसँग 'यता कतै तिमीले यस्ता महात्मा देखेका छौ ?' भनी सोद्धछन्। यो सुनेर त्यो गाउँले—'ती महात्मा को र कस्ता छन् ?' भनी सोद्धछ।

साधक भन्दछन्—बडो सिद्ध पुरुष हुन् ती। मनका कुरा बताइदिन्छन्। मुखबाट जे भन्दछन्, त्यही हुन्छ। ठूला योगिराज हुन्। उनको दर्शनका लागि हामी घरबार छोडेर खोज्दै फिरिरहेछौं। मैले कसैबाट ती महात्मा यतै आएका छन् भन्ने सुनेको थिएँ, आदि।

**गृहस्थ भन्दछन**—'तिमीले ती महात्मालाई भेट्टायौ भने मलाई पनि भन ल। म पनि दर्शन गरेर मनका कुरा सोध्नेछु।' यसैगरी दिनभरी गाउँसहरमा घुमेर सबैसँग त्यसै सिद्धका कुरा गरेर रात्रिमा सिद्ध–साधक सबै जम्मा भएर खान्छन्–पिउँछन्, सुत्छन्। बिहान फेरि त्यसैगरी गएर दुईतीन दिनसम्म यस्तै प्रचार गरेर ती चारै साधक प्रत्येक एक–एक धनवान् व्यक्तिकहाँ गएर 'ती महात्माजीको पत्तो लाग्यो। तिमीलाई दर्शन गर्नुछ भने हिंड' भन्दछन्। ती हिंड्‌न तैयार भएपछि ती त्यस धनवान्सँग 'तिमी के सोध्न चाहान्छौ ? भन त' भन्दछन्। कोही पुत्रको इच्छा गर्दछ, कोही धनको, कोही रोग निको हुने कुरा सोध्न चाहन्छ भने कोहो शत्रुलाई जित्न चाहन्छ। तिनलाई ती साधक लैजान्छन्। सिद्ध–साधकले मिलेर अघिदेखि नै गरेको सल्लाहअनुसार गर्दछन्। जस्तै—धन चाहनेलाई दायाँतर्फ, पुत्र चाहनेलाई अगाडि, रोग निको पार्न चाहनेलाई देब्रेतर्फ र शत्रुमाथि विजय चाहनेलाई पछाडिबाट लगेर त्यहाँ बसेकाहरूको बीचमा बसाल्दछन्। नमस्कार गर्ने बेलामा त्यो सिद्ध आफ्नो सिद्धिको चमत्कार देखाउने सानका साथ बडो उच्च स्वरमा 'हामीसँग के यहाँ छोरा राखिएका छन् र ? छोराको इच्छाले यहाँ आइस् ?' भन्दछ। त्यस्तै धन चाहनेसँग—'यहाँ के थैली राखिएका छन्, जो धनको इच्छाले आइस् ? फकीरसँग कहाँ धन रहन्छ र ?' रोगीसँग—'हामी के चिकित्सक हौं र ? तँ रोग छुटाउन यहाँ आइस् ? हामी वैद्य होइनौं, अतः तेरो रोग छुटाउन सक्तैनौं, कुनै वैद्यकहाँ जा' आदि भन्दछ। तर त्यसको बाबु रोगी छ भने त्यसको साधक औंठो, आमा रोगी भए चोर औंलो, दाजुभाइ रोगी भए माझी औंलो, पत्नी रोगी भए साहिंली औंलो र छोरी रोगी भए कान्छी औंलाको संकेत गर्दछ। त्यसलाई देखेर त्यो 'सिद्ध तेरो बाबु रोगी छ अथवा तेरी आमा, तेरा दाजुभाइ, तेरी पत्नी र तेरी छोरी रोगी छ, भनिदिन्छ। अनि त ती चारै गाउँले बडो मोहित हुन्छन्। साधकहरू तीसँग—'हेर, हामीले



PDFill PDF Editor with Free Writer and Tools

भनेकै जस्ता रहेछन् वा रहेनछन्?' भन्दछन्।

**गृहस्थ भन्दछन्**—हो, तिमीले भनेकै जस्ता रहेछन्। तिमीले हाम्रो ठूलो उपकार गर्यौ र हाम्रो पनि भाग्योदय रहेछ र यस्ता महात्मा भेट्टिए र यिनको दर्शन गरेर हामी कृतार्थ भयौं।

**साधक भन्दछ**—सुन, यी महात्मा मनोगामी छन्। यहाँ धेरै दिन बस्तैनन्। यिनको केही आसिक लिनुछ भने आ–आफ्नो सामर्थ्यअनुसार तन–मन–धनले यिनको सेवा गर। किनकि सेवा गरेरै मेवा प्राप्त हुन्छ। कसैमाथि प्रसन्न भए भने नजाने के वर दिने हुन्? सन्तहरूको गति अपार हुन्छ। गृहस्थ यस्ता चिल्लोघसाइका कुरा सुनेर बड़ा खुसीसाथ तिनको प्रशंसा गर्दै घरतर्फ लाग्दछन् र पाखण्ड खुल्ला भन्ने डरले ती साधक पनि तीसँगै त्यहाँबाट हिंड्दछन्। ती धनवान्को कुनै मित्र, बन्धु–बान्धव भेटियो भने त्योसँग प्रशंसा गर्दछन्। यसैगरी साधकसँग जाने सबैको वृत्तान्त सिद्धले भनिदिन्छ। सहर वा गाउँमा 'फलाना ठाउँमा एकजना धेरै ठूला सिद्ध आएका छन्। उनको दर्शन गर्न जाऔं' भन्ने हल्ला फिंजिएपछि मानिस हुलकाहुल त्यहाँ पुगेर धेरै जनाले 'आफ्ना मनको वृत्तान्त' सोध्न थालेपछि व्यवस्था बिग्रनाले सिद्ध चुप लागेर मौन धारण गर्दछ र 'हामीलाई धेरै दुःख नदेओ' भन्दछ। अनि तुरुन्तै साधक पनि 'तिमीहरूले यिनलाई धेरै सतायौ भने यी यहाँबाट जानेछन्' भन्न थाल्दछन्। अनि कुनै धनाढ्यले साधकलाई छुट्टै बोलाएर 'हाम्रा मनको कुरा भनाउन सक्तछौ भने हामी सत्य मानौं' भन्दा साधक 'के कुरा हो?' भनी सोद्धछ। धनवान् उसलाई भन्दछ। अनि उसलाई त्यसै तरिकाले संकेतपूर्वक लगेर बसाल्दछ। त्यसलाई बुझेर सिद्ध तुरुन्तै भनिहाल्दछ। अनि त मेला लगाएका सबैले भन्दछन् कि अहा! धेरै ठूला सिद्ध पुरुष रहेछन्। कसैले मिठाई, कसैले पैसा, कसैले रूपैयाँ, कसैले असर्फी, कसैले कपडा र कसैले सिदा आदि सामान भेटी–चढाउँदछन्। अनि मान्यता रहेसम्म खूब लुट्दछन् र कोही–कोही एक दुई जना धन भैकनका अन्धालाई पुत्र हुने आशीर्वाद वा खरानी उठाएर दिन्छ र तीसँग हजार रुपैयाँ लिएर 'तेरो भक्ति सच्चा रहेछ भने छोरो जन्मिनेछ' भन्दछ। यस्ता धेरै ठग हुन्छन्। यस्ताको परीक्षा विद्वान्ले नै गर्नसक्तछन्, अरूले सक्तैनन्।

यसकारण वेदादि विद्या पढ्नु र सत्संग गर्नु आवश्यक हुन्छ। जसबाट कसैले उसलाई ठगाइमा फँसाउन नसकोस् र अरूलाई पनि बचाउन सकोस्। किनकि विद्या नै मानिसका सच्चा आँखा हुन्। विद्या–



शिक्षाविना ज्ञान हुँदैन। बाल्यावस्था देखि नै शिक्षा प्राप्त गर्ने व्यक्ति नै मनुष्य र विद्वान् हुन्छन्। कुसंगतमा परेका व्यक्ति भने दुष्ट, पापी, महामूर्ख भएर ठूला–ठूला दुःख पाउँछन्। यसैकारण जस्तो जानेकोछ, त्यस्तै मान्नु नै ज्ञानविशेष भनिन्छ।

**न वेत्ति यो यस्य गुणप्रकर्षं स तस्य निन्दां सततं करोति।**
**यथा किराती करिकुम्भजाता मुक्ताः परित्यज्य बिभर्त्ति गुञ्जाः॥**

यो कुनै कविको (वृद्धचाणक्य ११।१२) श्लोक हो। जो जसको गुणको बारेमा जान्दैन। त्यो निरन्तर त्यसको निन्दा गर्दछ। जस्तै जङ्गली भील गजमुक्तलाई छोडेर रातीगेडीको माला लगाउँदछ। त्यस्तै विद्वान्, ज्ञानी, धार्मिक, सत्पुरुषको संगत गर्ने, योगी, पुरुषार्थी, जितेन्द्रिय, सुशील व्यक्ति नै धर्म, अर्थ, काम, मोक्षलाई प्राप्त गरेर यस जन्म र परजन्ममा सदा आनन्दित रहन्छ।

यो आर्यावर्त्त निवासीहरूका बारेमा संक्षेपमा लेखियो। यसपछि आर्य राजाहरूको संक्षिप्त इतिहास प्राप्त भएअनुसार सबै सज्जनहरूको जानकारिका लागि प्रकाशित गरिन्छ।

अब श्रीमान् महाराज 'युधिष्ठिर' देखि महाराज 'यशपाल' सम्मका आर्य्यावर्त्तदेशीय राजवंशको इतिहास लेखिन्छ। श्रीमान् महाराज 'स्वायंभुवमनुजी' देखि महाराजा 'युधिष्ठिर' सम्मको इतिहास महाभारत आदिमा लेखिएकै छ। यसबाट त्यसपछिको केही इतिहासको स्थिति सबै सज्जनवृन्दलाई अवगत हुनेछ। यद्यपि यो विषय विद्यार्थी सम्मिलित श्रीनाथद्वाराबाट निस्कने र राजपूताना देश मेवाडराज उदयपुर चित्तौडगढमा सबैलाई विदित पाक्षिक पत्र **'हरिश्चन्द्र चन्द्रिका'** र **'मोहनचन्द्रिका'** बाट हामीले अनुवाद गरेको हो। यसैगरी हाम्रा आर्यसज्जनहरूले इतिहास र विद्याका पुस्तकहरूको खोज गरेर प्रकाशित गरेमा देशलाई ठूलो फाइदा हुनेछ।

त्यस पत्रका सम्पादकले संवत् १७८२ साल वि० (वि० सं० सत्र सय बयासी) मा लेखिएको एउटा प्राचीन पुस्तक आफ्ना एकजना मित्रबाट प्राप्त गरेर आफ्ना संवत् १९३९ शुक्लपक्ष १९–२० किरण अर्थात् दुई पाक्षिक पत्रमा छापेका छन्। यसलाई निम्न अनुसार जान्नुपर्दछ—

## आर्य्यावर्त्तदेशीय राजवंशावली

श्रीमन्महाराज 'यशपाल' सम्म इन्द्रप्रस्थमा आर्यहरूले राज्य गरे। यिनमा श्रीमन्महाराजा 'युधिष्ठिर' देखि महाराजा 'यशपाल' सम्म वर्ष



PDFill PDF Editor with Free Writer and Tools

४१५७, महिना ९, दिन १४ मा अनुमानित वंश अर्थात् पुस्ता १२४ (एक सय चौबीस) राजा भएका छन्। यिनको व्यहोरा—

| राजा | पुस्ता | वर्ष | महीना | दिन |
|---|---|---|---|---|
| आर्यराजा | १२४ | ४१५७ | ९ | १४ |

श्रीमन्महाराजा युधिष्ठिर आदिको वंश अनुमानतः पुस्ता ३०, वर्ष १७७०, महीना ११, दिन १०। यिनको विस्तार—

| आर्यराजा | वर्ष | महीना | दिन |
|---|---|---|---|
| १. राजा युधिष्ठिर | ३६ | ८ | २५ |
| २. राजा परीक्षित | ६० | ० | ० |
| ३. राजा जनमेजय | ८४ | ७ | २३ |
| ४. राजा अश्वमेध | ८२ | ८ | २२ |
| ५. द्वितीयराम | ८८ | २ | ८ |
| ६. छत्रमल | ८१ | ११ | २७ |
| ७. चित्ररथ | ७५ | ३ | २४ |
| ८. दुष्टशैल्य | ७५ | १० | १४ |
| ९. राजा उग्रसेन | ७८ | ७ | २१ |
| १०. राजा शूरसेन | ७८ | ७ | २१ |
| ११. भुवनपति | ६९ | ५ | ५ |
| १२. रणजीत | ६५ | १० | ४ |
| १३. ऋक्षक | ६४ | ७ | ४ |
| १४. सुखदेव | ६२ | ० | २४ |
| १५. नरहरिदेव | ५१ | १० | २ |
| १६. सुचिरथ | ४२ | ११ | २ |
| १७. शूरसेन (दोस्रा) | ५८ | १० | ८ |
| १८. पवर्तसेन | ५५ | ८ | १० |
| १९. मेधावी | ५२ | १० | १० |
| २०. सोनचीर | ५० | ८ | २१ |
| २१. भीमदेव | ४७ | ९ | २० |
| २२. नृहरिदेव | ४५ | ११ | २३ |
| २३. पूर्णमल | ४४ | ८ | ७ |
| २४. करदवी | ४४ | १० | ८ |
| २५. अलंमिक | ५० | ११ | ८ |
| २६. उदयपाल | ३८ | ९ | ० |



| | | | |
|---|---|---|---|
| २७. दुवनमल | ४० | १० | २६ |
| २८. दमात | ३२ | ० | ० |
| २९. भीमपाल | ५८ | ५ | ८ |
| ३०. क्षेमक | ४८ | ११ | २१ |

राजा क्षेमकका प्रधान विश्रवाले क्षेमकराजालाई मारेर राज्य गरे। यिनको वंश चौध पुस्ताक, पाँच सय वर्ष, तीन महीना र सत्र दिन सम्म चल्यो। यिनको विस्तार—

| आर्याराजा | वर्ष | मीहना | दिन |
|---|---|---|---|
| १. विश्रवा | १७ | ३ | २९ |
| २. पुरसेनी | ४२ | ८ | २१ |
| ३. वीरसेनी | ५२ | १० | ७ |
| ४. अनङ्गशायी | ४७ | ८ | २३ |
| ५. हरिजित | ३५ | ९ | १७ |
| ६. परमसेनी | ४४ | २ | २३ |
| ७. सुखपाताल | ३० | २ | २१ |
| ८. कद्रुत | ४२ | ९ | २४ |
| ९. सज्ज | ३२ | २ | १४ |
| १०. अमरचूड | २७ | ३ | १६ |
| ११. अमीपाल | २२ | ११ | २५ |
| १२. दशरथ | २५ | ४ | १२ |
| १३. वीरसाल | ३१ | ८ | ११ |
| १४. वीरसालसेन | ४७ | ० | १४ |

राजा वीरसालसेनालाई मुखिया वीरमहाले मारेर राज्य गरे। सोह्र पुस्ता, चारसय पैंतालिस वर्ष, पांच महीना र तीन दिन यिनको वंश चल्यो। यिनको विस्तार—

| आर्यराजा | वर्ष | महीना | दिन |
|---|---|---|---|
| १. राजावीरमहा | ३५ | १० | ८ |
| २. अजितसिंह | २७ | ७ | १९ |
| ३. सर्वदत्त | २८ | ७ | १० |
| ४. भुवनपति | १५ | ४ | १० |
| ५. वीरसेन | २१ | २ | १३ |
| ६. महीपाल | ४० | ८ | ७ |
| ७. शत्रुशाल | २६ | ४ | ३ |



PDFill PDF Editor with Free Writer and Tools

| | | | |
|---|---|---|---|
| ८. संघराज | १७ | २ | १० |
| ९. तेजपाल | २८ | ११ | १० |
| १०. माणिकचन्द | ३७ | ७ | २१ |
| ११. कामसेनी | ४२ | ५ | १० |
| १२. शत्रुमर्दन | ८ | ११ | १३ |
| १३० जीवन लोक | २८ | ९ | १७ |
| १४. हरिराव | २६ | १० | २९ |
| १५. वीरसेन (द्रोस्रा) | ३५ | २ | २० |
| १६. आदित्यकेतु | २३ | ११ | १३ |

मगध देशका राजा आदित्यकेतुलाई 'धन्धर' नामक प्रयागका राजाले मारेर राज्य गरे। नौ पुस्ता, तीनसय चौहत्तर वर्ष, एघार महीना र छब्बीस दिन यिनको वंश चल्यो। यिनको विवरण—

| आर्यराजा | वर्ष | महीना | दिन |
|---|---|---|---|
| १. राजा धन्धर | ४२ | ७ | २४ |
| २. महर्षि | ४१ | २ | २९ |
| ३. सनरच्ची | ५० | १० | १९ |
| ४. महायुद्ध | २० | ३ | ८ |
| ५. दुरनाथ | २८ | ५ | २५ |
| ६. जीवनराज | ४५ | २ | ५ |
| ७. रुद्रसेन | ४७ | ४ | २८ |
| ८. आरीलक | ५२ | १० | ८ |
| ९. राजपाल | ३६ | ० | ० |

राजा राजपाललाई सामन्त महान्पालले मारेर राज्य गरे। पुस्ता एक, वर्ष चौध, महीना शून्य र दिन शून्य। यिनको विस्तार छैन।

राजा महान्पालको राज्यमाथि 'अवन्तिका' (उज्जैन) बाट राजा विक्रमादित्यले लड़ाईं गरेर राजा महान्पाललाई मारेर राज्य गरे। पुस्ता एक, वर्ष तिरान्नब्बे, महीना शून्य, दिन शून्य। यिनको विस्तार छैन।

शालिवाहनका उमराव समुद्रपाल योगी पैठणकाले राजा विक्रमादित्यलाई मारेर राज्य गरे। सोह्र पुस्ता, तीन समय बहत्तर वर्ष, चार महीना र सत्ताईस दिन। यिनको विस्तार—

| आर्यराजा | वर्ष | महिना | दिन |
|---|---|---|---|
| १. समुद्रपाल | ५४ | २ | २० |
| २. चन्द्रपाल | ३६ | ५ | ४ |



| | | | |
|---|---|---|---|
| ३. सहायपाल | ११ | ४ | ११ |
| ४. देवपाल | २७ | १ | २८ |
| ५. नरसिंहपाल | १८ | ० | २० |
| ६. सामपाल | २७ | १ | १७ |
| ७. रघुपाल | २२ | ३ | २५ |
| ८. गोविन्दपाल | २७ | १ | १७ |
| ९. अमृतपाल | ३६ | १० | १३ |
| १०. बलीपाल | १२ | ५ | २७ |
| ११. महीपाल | १३ | ८ | ४ |
| १२. हरीपाल | १४ | ८ | ४ |
| १३. सीसपाल | ११ | १० | १३ |
| (कुनै इतिहासमा भीमपाल पनि लेखिएको छ) | | | |
| १४. मदनपाल | १७ | १० | १९ |
| १५. कर्मपाल | १६ | २ | २ |
| १६. विक्रमपाल | २४ | ११ | १३ |

राजा विक्रमपालले पश्चिम दिशाका राजा मलुखचन्द बोहरा माथि चढाई गरेर लडाइँ गरे। यस युद्धमा मलुखचन्दले विक्रमपाललाई मारेर इन्द्रप्रस्थको राज्य गरे दश पुस्ता, एकसय एकन्नब्बे वर्ष, एक महीना र सोह्र दिन यिनको वंश चल्यो। यिनको विस्तार—

| आर्यराजा | वर्ष | महिना | दिन |
|---|---|---|---|
| १. मलुखचन्द | ५४ | २ | १० |
| २. विक्रमचन्द | १२ | ७ | १२ |
| ३. अमीनचन्द | १० | ० | ५ |
| (कतै यिनको नाम मानकचन्द पनि लेखिएको छ।) | | | |
| ४. रामचन्द | १३ | ११ | ८ |
| ५. हरीचन्द | १४ | ९ | २४ |
| ६. कल्याणचन्द | १० | ५ | ४ |
| ७. भीमचन्द | १६ | २ | ९ |
| ८. लोवचन्द | २६ | ३ | २२ |
| ९. गोविन्दचन्द | ३१ | ७ | १२ |
| १०. रानी पद्मावती | १ | ० | ० |

(पद्मावती गोविन्दचन्दकी रानी थिइन्।)

रानी पद्मावतीको छोरा नभएकोले यिनी मरेपछि सबै मुत्सद्दीहरूले



PDFill PDF Editor with Free Writer and Tools

सल्लाह गरेर हरिप्रेम वैरागीलाई गद्दीमा बसालेर मुत्सद्दीहरूले राज्य गर्नथाले। चार पुस्ता, पचास वर्ष र एक्काईस दिन यो राज्य चल्यो। हरिप्रेमको वंशविस्तार—

| **आर्यराजा** | **वर्ष** | **महीना** | **दिन** |
|---|---|---|---|
| १. हरिप्रेम | ७ | ५ | १६ |
| २. गोविन्दप्रेम | २० | २ | ८ |
| ३. गोपालप्रेम | १५ | ७ | २८ |
| ४. महाबाहु | ६ | ८ | २९ |

राजा महाबाहु राज्य छोडेर वनमा तपश्चर्या गर्न गए। यो कुरा थाहा पाएर बंगालका राजा आधीसेनले इन्द्रप्रस्थमा आएर आफैं राज्य गर्न थाले। पुस्ता बाह्र, वर्ष एकसय एकाउन्न, महीना एघार, दिन हुई। यिनको विस्तार—

| **आर्यराजा** | **वर्ष** | **महीना** | **दिन** |
|---|---|---|---|
| १. राजा आधीसेन | १८ | ५ | २१ |
| २. विलावसेन | १२ | ४ | २ |
| ३. केशवसेन | १५ | ७ | १२ |
| ४. माधवसेन | १२ | ४ | २ |
| ५. मयूरसेन | २० | ११ | २७ |
| ६. भीमसेन | ५ | १० | ९ |
| ७. कल्याणसेन | ४ | ८ | २१ |
| ८. हरीसेन | १२ | ० | २५ |
| ९. क्षेमसेन | ८ | ११ | १५ |
| १० नारायणसेन | २ | २ | २९ |
| ११. लक्ष्मीसेन | २६ | १० | ० |
| १२. दामोदरसेन | ११ | ५ | १९ |

राजा दामोदरसेनले आफ्ना उमरावलाई धेरै दुःख दिएकाले तिनका उमराव दीपसिंहले सेना बनाएर राजासँग लडाइँ गरे। त्यस युद्धमा राजालाई मारेर दीपसिंहले आफैं राज्य गर्न थाले। पुस्ता छ, वर्ष एकसय सात, महीना छ र दिन बाईस। यिनको विस्तार—

| **आर्यराजा** | **वर्ष** | **महीना** | **दिन** |
|---|---|---|---|
| १. दीपसिंह | १७ | १ | २६ |
| २. राजसिंह | १४ | ५ | ० |
| ३. रणसिंह | ९ | ८ | ११ |
| ४. नरसिंह | ४५ | ० | १५ |
| ५. हरिसिंह | १३ | २ | २९ |
| ६. जीवनसिंह | ८ | ० | १ |



राजा जीवनसिंहले केही खास कारणले आफ्नो सबै सेना उत्तरतर्फ पठाएका थिए। यो कुरा थाहापाएर वैराटका राजा पृथ्वीराज चह्वाणले जीवनसिंहमाथि हमला गरेर युद्धमा जीवनसिंहलाई मारेर इन्द्रप्रस्थको राज्य गरे। पुस्ता पाँच, वर्ष छयासी, महीना शून्य, दिन बीस। यिनको विस्तार—

| **आर्यराजा** | **वर्ष** | **महीना** | **दिन** |
|---|---|---|---|
| १. पृथ्वीराज | १२ | २ | १९ |
| २. अभयपाल | १४ | ५ | १७ |
| ३. दुर्जनपाल | ११ | ४ | १४ |
| ४. उदयपाल | ११ | ७ | ३ |
| ५. यशपाल | ३६ | ४ | २७ |

राजा यशपालमाथि सुलतान शहाबुद्दीन गौरीगढ गजनीबाट हमला गरेर आयो र राजा यशपाललाई प्रयागको किल्लामा संवत् १२४९ सालमा समातेर कैदी बनायो। पछि इन्द्रप्रस्थ अर्थात् दिल्लीको राज्य सुल्तान शहाबुद्दीनले आफैं गर्न थाल्यो। सुल्तान शहाबुद्दीन लगायतका मुसलमानहरूको शासन त्रिपन्न पुस्ता, सातसय पैंतालीस वर्ष, एक महीना र सत्र दिनसम्म चल्यो। यिनको विस्तृत विवरण इतिहासका धेरै पुस्तकहरूमा उपलब्ध हुनाले यहाँ नलेखेको हो।

यसपछि बौद्धजैनमत विषयमा लेखिने छ।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषित आर्य्यावर्त्तीयमतखण्डन-मण्डनविषय एकादशः समुल्लासः सम्पूर्णः ॥ ११ ॥**

PDFill PDF Editor with Free Writer and Tools

# अनुभूमिका ( २ )

आर्यावर्त्तका मानिसहरूमा सत्य र असत्यको यथावत् निर्णय गराउने वेदविद्या छुट्नाले अविद्या फैलिएर मतमतान्तर खडा हुनु नै जैन आदिका विद्याविरुद्ध मत प्रचारको कारण बनेको हो। किनकि वाल्मीकीय र महाभारत आदिमा जैनीहरूको नाममात्र पनि छैन। उता जैनीहरूका ग्रन्थमा वाल्मीकीय र महाभारतमा कथित 'राम, कृष्ण' आदिको गाथा विस्तारपूर्वक उपलब्ध हुन्छ। यसबाट 'यो मत यिनको पछि चलेको हो' भन्ने बुझिन्छ। किनकि जैनीहरूका अनुसार यिनीहरूको मत धेरै प्राचीन भएको भए तिनको कथा वाल्मीकीय रामायण आदि ग्रन्थमा अवश्य हुन्थ्यो। यसकारण जैनमत यी ग्रन्थभन्दा पछि चलेको हो।

कसैले 'जैनीहरूका ग्रन्थहरूका कथालाई नै आधार बनाएर वाल्मीकीय आदि ग्रन्थ बनेका हुन्' भन्छ बने त्योसँग 'वाल्मीकीय आदिग्रन्थमा तिम्रा ग्रन्थका नाम पनि किन छैन ? र तिम्रा ग्रन्थमा किन यी ग्रन्थका नाम छन् ? के छोराले बाबु जन्मेको देख्नसक्तछ ?' भनी सोध्नुपर्दछ। यसबाट जैन–बौद्धमत शैव, शाक्त आदि मतपछि चलेको हो भन्ने कुरा सिद्ध हुन्छ।

अब यस बाह्रौं समुल्लासमा जैनीहरूका मतको वारेमा लेखिएका कुरामा उनका ग्रन्थहरूको ठेगाना समेत लेखिएको छ। यसमा जैनीहरूले नराम्रो मान्नु उचित होइन, किनकि यिनको वारेमा मैले लेखेका कुरा विरोध वा हानिको लागि नभई सत्य र असत्यको निर्णयका निम्ति हो। यो लेख हेर्ने अवसर जैनी, बौद्ध वा अरूलाई प्राप्त हुँदा सबैलाई सत्य र असत्यको निर्णयमा विचार गर्ने र लेख्ने समेत अवसर प्राप्त हुनेछ र बोध पनि हुनेछ। वादीप्रतिवादी भएर प्रीतिपूर्वक छलफल र लेखपढ नगरिएसम्म सत्य र असत्यको निर्णय हुनसक्तैन।

विद्वान्हरूमा सत्य र असत्यको निश्चय नहुँदा अविद्वान्हरूले महाअन्धकारमा परेर धेरै दु:ख उठाउनुपर्दछ। यसकारण सत्यको विजय र असत्यको नाशका लागि मित्रतापूर्वक वाद अर्थात् छलफल र लेखपढ गर्नु हामी मनुष्यजातिको मुख्य काम हो। यसो न भएमा मानिसको उन्नति कहिल्यै हुनेछैन।

अनि यो बौद्ध–जैनमतको विषय यी बाहेक अरू मतावलम्बी–हरूका लागि अपूर्व लाभ र बोध गराउने हुनेछ। किनकि यिनीहरू आफ्ना पुस्तक अरू कुनै मतावलम्बीलाई हेर्न, पढ्न वा लेख्न दिंदैनन्।



ठूलो परिश्रमले मेरो र खासगरी आर्यसमाज मुम्बईका मन्त्री सेठ सेवकलाल कृष्णदासको पुरुषार्थवाट ग्रन्थ प्राप्त भएका छन्। काशीको 'जैन प्रभाकर' यन्त्रालयमा ग्रन्थ छापिनाले र मुम्बईमा 'प्रकरणरत्नाकर' ग्रन्थ छापिनाले पनि सबैलाई जैनीहरूको मत बुझ्न सजिको भएको छ।

आफ्नो मतको पुस्तक आफैं हेर्नु र अरूलाई नदेखाउनु पनि कुनै विद्वान्को काम हो र ? यसैबाट यी ग्रन्थ बनाउनेहरूलाई 'यी ग्रन्थमा असम्भव कुरा छन्' भन्ने शंका पहिल्यै थियो भन्ने बुझिन्छ। अरू मतावलम्बीले हेरे भने खण्डन गर्नेछन्, अनि आफ्ना मतावलम्बीले अरुका ग्रन्थ हेरे भने यस मत प्रति श्रद्धा रहनेछैन भन्ने कारणले नै यसो गरेका हुन्। जे होस्! तर धेरै मानिस आफ्ना दोष चाहिं नहेर्ने, अरूका दोष देख्नमा भने धेरै उत्सुकतापूर्वक सदा लागेका हुन्छन्। यो न्यायको कुरा होइन। किनकि पहिले आफ्ना दोष हेरेर निकालेर अनि अरूका दोष तर्फ ध्यान दिएर हटाउनुपर्दछ। अब यी बौद्ध–जैनीका मतको विषय सबै सज्जन सामु राख्तछु। जस्तो छ त्यस्तै विचार गर्नुहोला।

**किमधिकलेखेन बुद्धिमद्वर्येषु।**

PDFill PDF Editor with Free Writer and Tools